ehetaudasandesh.com
हेटौंडा राष्ट्रिय दैनिक
२५औं वर्ष
# सन्देश
प्रदेश "क" वर्ग
Hetauda Sandesh Daily
वर्षः २५ ॥ अंकः ३११ ॥ शनिबार १९ बैशाख २०८३ ॥ प्रतिपदा ॥ ने.सं. ११४६ ॥ बछलाथ्व ॥ Saturday 2 April 2026 ॥ पृष्ठ : ४ ॥ मूल्यः रु.३/-

## आंचल साहित्य कला पुञ्जको अध्यक्षमा शर्मा

सन्देश संवाददाता

हेटौडा/आंचल साहित्य कला पुञ्जको अध्यक्षमा निरा शर्मा चयन भएकी छिन् । शर्मा निवर्तमान कार्यसमितिमा उपाध्यक्ष थिइन् शुक्रबार सम्पन्न अधिवेशनले शर्मालाई निर्विरोध अध्यक्षमा चयन गरेको निर्वाचन मण्डल संयोजक पुर्णकला घिमिरेले बताइन् ।

महिला साहित्यकारहरूको साझा संस्था पुञ्जको उपाध्यक्षमा भवानी तिमल्सिना, सचिब एलिजा पुडासैनी, सहसचिव सरिता दाहाल, कोषाध्यक्ष सम्झना अधिकारी रहेका छन् । यसैगरी सदस्यहरूमा रजनी पौडेल, अनु रोक्का, सिर्जना पौडेल र गोपिनी गौतम चयन भएका छन् ।

आगामी दिनमा संस्थापक तथा पुर्वअध्यक्ष स्वर्गीय अप्सरा तिम्सेनाको सम्मानमा स्मृति ग्रन्थ, आंचल परिचय ग्रन्थ प्रकाशन तथा महिला साहित्यको क्षेत्रमा सिर्जनशील कार्यलाई प्राथमिकता दिने नवनिर्वाचित अध्यक्ष शर्माले बताइन् ।

पुञ्ज मकवानपुरले हास्यब्याङ्ग्य साहित्यकार आर सि रिजाललाई अभिनन्दन गरेको छ । मकवानपुरमा रहेर राष्ट्रियस्तरमा हास्यब्याङ्ग्य क्षेत्रमा सशक्त योगदान गरेका रिजाललाई शुक्रबार हेटौंडामा अभिनन्दन गरिएको हो ।

पुञ्ज मकवानपुरको पाँचौं अधिवेशन एवम् चौधौ साधारण सभा तथा पारिजात स्मृति दिवसको सन्दर्भ पारेर रिजाललाई सम्मान गरेको पुञ्जले जनाएको छ ।

## बागमतीको बजेट 'आयोजना बैंक' बाटै ल्याइने



सुनिता बिष्ट

हेटौडा/बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्षदेखि बजेट निर्माण प्रक्रियालाई व्यवस्थित बनाउन 'आयोजना बैंक' प्रणाली लागू गर्ने भएको छ । आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटमा समावेश हुने आयोजना पहिले नै आयोजना बैंकमा दर्ता, अध्ययन र प्राथमिकता निर्धारण गरिएको हुनुपर्नेछ ।

प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयका अनुसार योजना छनोटमा पारदर्शिता, दोहोरोपनको अन्त्य र प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न आयोजना बैंकको अवधारणा अघि सारिएको हो । बिगतमा राजनीतिक दबाब र असंगठित योजना छनोटका कारण साना-साना तथा प्रभावहीन आयोजना बजेटमा समेटिने समस्या देखिएको भन्दै बजेट निर्माणमा नयाँ अभ्यास थालिएको प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङले बताए ।

योजनाको प्राविधिक मूल्यांकन, लागत-लाभ विश्लेषण र आवश्यकता पहिचानका आधारमा मात्र आयोजना बैंकमा सूचीकृत योजनाहरूलाई बजेटमा प्राथमिकता दिइनेछ । यसले विकास खर्चको गुणस्तर सुधार गर्नुका साथै स्रोतको दुरुपयोग रोक्ने अपेक्षा गरिएको मन्त्री तामाङको भनाइ छ । जसका लागि मन्त्रालयहरु मातहतको जिल्ला कार्यालयहरुबाट योजना दर्ता भैरहेको छ । यही वैशाख २१ गतेसम्म योजनाहरु दर्ता गर्न सरोकारवाला निकायहरुलाई अनुरोध गरिएको उनले बताए ।

यसअघि बजेट निर्माण गर्दा मन्त्रालयमै फाइल बोकेर आउनेहरुको लर्को लाग्ने गरेकोमा चालु आर्थिक वर्षको बजेट त्यस्तो तरिकाले नबन्ने मन्त्री तामाङले बताए । 'म रसुवाबाट निर्वाचित भएर आएको हुँ, मेरै जिल्लाका साथीभाईहरु योजना मागका लागि फाइल बोकेर मन्त्रालय आउनुभएको रहेछ, मन्त्री तामाङले भने, 'उहाँलाई रसुवाको सम्बन्धित कार्यालयबाटै योजना दर्ता गर्नोस् भनेर फर्काइदिएँ । मेरै योजनाहरु पनि कार्यालयबाटै दर्ता गर्नेगरी पठाएको छु । ससाना योजनाहरु स्थानीय तहबाट सिफारिस गरेर ल्याउन लगाएको छु ।'

यसअघिको बजेट बनाउने अभ्यासमा ५ लाखसम्मका योजनाहरुको फाइल बोकेर मन्त्रालय /मन्त्रालय धाउने प्रचलन थियो । त्यसलाई निर्मूल गरेर एकद्धार प्रणालीबाट बजेट बनाउने लक्ष्य सहित आयोजना बैंकबाटै बजेट निर्माण गर्न लागेका हौं, उनले थपे, 'तर यो अभ्यास चुनौतीपूर्ण त छ नै । कहिले सांसदहरु रिसाउनुहुन्छ, कहिले मन्त्रीज्युहरु रिसाउनुहुन्छ । टुक्रे योजना भएन भने विकास हुँदैन भन्ने परिपाटीको अन्त्य गर्न यो पटक फरक ढंगबाट बजेट निर्माण गर्दैछौं ।'

प्रदेश सरकारले यस प्रणाली लाई पूर्णरूपमा कार्यान्वयन गर्न स्थानीय तह र सरोकारवालासँग समन्वय गर्दै योजना दर्ता प्रक्रिया डिजिटल माध्यमबाटसमेत सञ्चालन गरिरहेको छ । सम्बन्धित मन्त्रालयहरुले इमेलमार्फत्समेत योजना दर्ता गराउन सकिने सूचनाहरु जारी गरिरहेका छन् । जसका लागि मन्त्रीका स्वकीय सचिवहरुले सहजीकरण गरिरहेको प्रदेशको खानेपानी, उर्जा तथा सिँचाइ मन्त्री कृष्णकुमार तामाङ बताउँछन् ।

उनका अनुसार यसअघि न्यूनतम ५ लाख रुपैँयासम्मको योजनाहरु बनाएको यस मन्त्रालयले आगामी आर्थिक वर्षमा न्यूनतम २० लाख रुपैँया र बहुवर्षीय योजना ५० लाख रुपैँयासम्मको बनाउने तयारी भैरहेको उनले बताए । यस मन्त्रालयमा चालु आर्थिक वर्षमा ९० प्रतिशत योजना ५ देखि १० लाखको छ । बहुवर्षीय योजनाबाहेक अन्य योजनाहरु टुक्रे योजनाले भरिएका कारण बजेट कार्यान्वयनमा समेत उल्लेख्य प्रगति नदेखिएको उनको दाबी छ ।

पूर्वाधारको काम भौतिकलाई मात्रै

त्यसो त, यसअघि केही मन्त्रालयहरुले पूर्वाधार निर्माण क्षेत्रको समेत बजेट विनियोजन गर्दै आएको भन्दै आगामी आर्थिक वर्षमा त्यसलाई समेत एकरुपता ल्याइने तयारी गरिएको छ । भौतिक पूर्वाधार निर्माणको बजेट प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय र मातहतको कार्यालयबाट मात्र कार्यान्वयन हुनेगरी विनियोजन हुने बताइएको हो ।

चालु आर्थिक वर्षमा संस्कृति तथा पर्यटन मन्त्रालयले प्रदेशको १३ जिल्लामा मठ मन्दीर, गुम्बा, पार्टी जस्ता धार्मिक स्थलहरुको निर्माणका लागि करिब २२ सय भन्दा बढी टुक्रे योजनाहरु बनाएको अवस्था थियो । आगामी आर्थिक वर्षमा यस्ता योजनाहरु भौतिक पूर्वाधार विकास मन्त्रालय, मातहतको कार्यालय तथा आवश्यकताको आधारमा सम्बन्धित स्थानीय तहमा बजेट पठाइने आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङले बताए ।

यसैगरी कृषिसम्बन्धि पूर्वाधार, खेलकुद पूर्वाधार, स्वास्थ्य क्षेत्रका पूर्वाधार, सामाजिक मन्त्रालयका पुर्वाधारमलगायत अन्य क्षेत्रको भौतिक पूर्वाधार निर्माण यससँग सम्बन्धित मन्त्रालयलाई नै दिइने उनको भनाइ छ । यसले मन्त्रालयगत जिम्मेवारी स्पष्ट हुनुका साथै योजना कार्यान्वयनमा प्रभावकारिता बढ्ने उनको दाबी रहेको उनले स्पष्ट पारेका छन् ।

## हेटौंडा-४ मा बृहत् खेलकुद, शैक्षिक तथा सिर्जनात्मक कार्यक्रमको तयारी

सन्देश संवाददाता




हेटौडा/हेटौंडा उपमहानगरपालिका-४ नम्बर वडाले खेलकुद, शिक्षा र सिर्जनात्मक गतिविधिलाई एकै साथ प्रवर्द्धन गर्ने उद्देश्यले बृहत् कार्यक्रमहरूको आयोजना गर्ने भएको छ । वडाभित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालय बीच सहकार्य, समन्वय र प्रतिष्पर्धात्मक वातावरण सिर्जना गर्ने लक्ष्यसहित विभिन्न प्रतियोगिता तथा सम्मान कार्यक्रम सञ्चालन गरिने वडाले जनाएको छ ।

शुक्रबार श्रमिक माध्यामिक विद्यालयमा पत्रकार सम्मेलनको आयोजना गर्दै वडा कार्यालयको आयोजनामा जिल्लास्तरीय शिक्षक भलिबल प्रतियोगिता, तेस्रो बृहत् खेलकुद प्रतियोगिता, शैक्षिक प्रदर्शनी, चित्रकला तथा नृत्य प्रतियोगिता लगायतका कार्यक्रम गर्न लागिएको जानकारी गराइएको हो । वडा अध्यक्ष नविन सिग्देलले कार्यक्रमको विस्तृत जानकारी दिँदै शिक्षा, खेलकुद र सिर्जनशीलतामार्फत् विद्यार्थीको समग्र विकासमा टेवा पुऱ्याउने उद्देश्य रहेको बताए ।

उनका अनुसार वैशाख १८ गतेदेखि सुरु भएको जिल्लास्तरीय शिक्षक भलिबल प्रतियोगिताको फाइनल खेल वैशाख १९ गते शनिबार सम्पन्न हुनेछ । प्रतियोगितामा सहभागी टोलीहरूबीच प्रतिष्पर्धात्मक खेल हुनेछ । विजेतालाई २५ हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिनेछ भने दोस्रो हुने टोलीले १५ हजार र तेस्रो हुने टोलीले १० हजार रुपैयाँ प्राप्त गर्नेछन् । साथै सान्त्वना स्थान हासिल गर्ने दुई टोलीलाई जनही ५ हजार रुपैयाँ प्रदान गरिने भएको छ ।

त्यसैगरी वैशाख २७ गते आधुनिक राष्ट्रिय माविमा तेस्रो बृहत् खेलकुद प्रतियोगिताको पुरस्कार वितरण कार्यक्रम आयोजना गरिनेछ । यस अवसरमा विभिन्न विधामा उत्कृष्ट प्रदर्शन गर्ने विद्यार्थीलाई सम्मान गरिनेछ । विशेषगरी कक्षा ८ का उत्कृष्ट विद्यार्थी, उनीहरूका अभिभावक तथा शिक्षकलाई सम्मान गर्ने कार्यक्रमसमेत समावेश गरिएको छ । ४ जिपिए प्राप्त गर्ने विद्यार्थीलाई जनही ५ हजार रुपैयाँ नगद पुरस्कार प्रदान गरिनेछ भने अभिभावकलाई पनि सम्मान गरिनेछ ।


यसैगरी, जेठ १४ गते चौथो बृहत् शैक्षिक प्रदर्शनी, चित्रकला तथा नृत्य प्रतियोगिता हुनेछ । नगर स्तरीय शैक्षिक प्रदर्शनीमा विशेष गरी विज्ञान विषयमा आधारित विभिन्न सिर्जनात्मक र नवप्रवर्तनात्मक प्रस्तुति रहनेछ । प्रदर्शनीतर्फ प्रथम, दोस्रो र तेस्रो हुनेलाई क्रमशः ३० हजार, २० हजार र १० हजार रुपैयाँ तथा सान्त्वना पुरस्कार स्वरूप ५ हजार रुपैयाँ प्रदान गरिनेछ ।

चित्रकलातर्फ "२० वर्षपछिको हेटौंडा" विषयमा प्रतियोगिता आयोजना गरिनेछ, जसले भविष्यको सहर कस्तो हुनुपर्छ भन्ने कल्पनालाई चित्रमार्फत अभिव्यक्त गर्न प्रेरित गर्ने वडाध्यक्ष सिग्देलले बताए । नृत्य प्रतियोगितामा भने नेपाली मौलिक भाषा, संस्कृति र राष्ट्रिय पहिचान झल्कने गीतहरूमा आधारित प्रस्तुति रहनेछ, जसले स्थानीय संस्कृति संरक्षण र प्रवर्द्धनमा सहयोग पुग्ने अपेक्षा गरिएको उनको भनाइ छ ।

वडाअध्यक्ष सिग्देलका अनुसार यी कार्यक्रमहरू केवल प्रतिस्पर्धामै सीमित नभई विद्यार्थीको आन्तरिक प्रतिभा पहिचान, अभिभावक र शिक्षकबीच सहकार्य अभिवृद्धि तथा विद्यालयहरूबीच आपसी सम्बन्ध सुदृढ गर्ने माध्यम बन्ने विश्वास गरिएको छ । यसका साथै, वडाभित्रका सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीलाई लक्षित गरी हेयर कटिङ, ब्युटिसियन र इलेक्ट्रिकलसम्बन्धि सीपमूलक उद्यमशीलता तालिम समेत सञ्चालन गर्न लागेको छ । कक्षा ९ मा अध्ययनरत विद्यार्थीका लागि यस प्रकारको तालिमहरुको आयोजना गर्न लागिएको कार्यालयले जनाएको छ । यस्ता प्रकारका जिवन उपयोगी तालिमहरुले विद्यार्थीलाई व्यवहारिक ज्ञान र आत्मनिर्भर बन्ने आधार तयार गर्ने वडा कार्यालयको अपेक्षा रहेको बताइएको छ ।

शैक्षिक गुणस्तर सुधार समिति, हेटौंडा-४ को व्यवस्थापनमा सञ्चालन हुने सम्पूर्ण कार्यक्रमहरूको अनुमानित लागत करिब १० लाख रुपैयाँ रहेको अध्यक्ष सिग्देलले जानकारी गराए । वडा कार्यालयले यस्ता कार्यक्रममार्फत् शिक्षा, खेलकुद र बिद्यार्थीको सीप विकासलाई एकीकृतरूपमा अघि बढाउँदै समग्र शैक्षिक गुणस्तर अभिवृद्धिमा योगदान पुऱ्याउने लक्ष्य राखिएको जनाईएको छ ।

## बागमतीका मुख्यमन्त्रीद्वारा श्रम अधिकार र रोजगारीमा जोड



सन्देश संवाददाता

हेटौंडा/बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा सम्पूर्ण नेपाली श्रमिकप्रति शुभकामना व्यक्त गरेका छन् । उनले श्रमिकहरूको एकता, संघर्ष र बलिदानले प्राप्त गरेको 'आठ घण्टा काम, आठ घण्टा आराम र आठ घण्टा मनोरञ्जन'को अधिकारलाई स्मरण गर्दै यसको संरक्षण र कार्यान्वयनमा जोड दिएका छन् ।

मुख्यमन्त्री बानियाँले श्रमिक आन्दोलनको ऐतिहासिक पृष्ठभूमि उल्लेख गर्दै सन् १८८६ को अमेरिकास्थित आन्दोलन र त्यसपछिका अन्तर्राष्ट्रिय प्रयासहरूले श्रमिक अधिकार स्थापित गर्न महत्वपूर्ण योगदान दिएको बताए । उनले श्रमिक दिवसलाई श्रमजीवी वर्गको एकता, समर्पण र विजयको प्रतीकका रूपमा लिने गरिएको उल्लेख गरे ।

उनका अनुसार नेपालमा पनि श्रमिकहरूको हक-हित सुनिश्चित गर्दै सामाजिक न्याय र समृद्धिको लक्ष्य हासिल गर्न सरकार प्रतिबद्ध छ । बागमती प्रदेश सरकारले श्रम बजारको आवश्यकताअनुसार सीपयुक्त जनशक्ति उत्पादन, सुरक्षित र मर्यादित रोजगारीको वातावरण निर्माण तथा वैदेशिक रोजगारीलाई थप व्यवस्थित बनाउने नीति लिएको उनले बताए ।

स्वदेशमै पर्याप्त रोजगारी सिर्जना गर्नुपर्ने आवश्यकता औंल्याउँदै उनले निजी तथा सार्वजनिक क्षेत्रबीच सहकार्य बढाएर युवालाई सीपमूलक तालिम र रोजगारीका अवसर प्रदान गरिने बताए । श्रमिकको अधिकार संरक्षण, सामाजिक सुरक्षा विस्तार र उत्पादनशील क्षेत्रमा लगानी वृद्धि सरकारको प्राथमिकतामा रहेको उनले स्पष्ट पारे । मुख्यमन्त्री बानियाँले विश्वभरका श्रमिकहरूमा सुख, शान्ति र समृद्धिको कामना गर्दै श्रमको सम्मान र अधिकारको सुनिश्चिततामा सबै पक्षको सहकार्य आवश्यक रहेको उल्लेख गरेका छन् ।

## सभामुख चयनपछि मात्रै मन्त्रिपरिषद् पुनर्गठनको तयारी



सन्देश संवाददाता

हेटौंडा/बागमती प्रदेशमा सभामुख चयनपछि मात्रै मन्त्रिपरिषद् पुनर्गठनको तयारी गरिएको छ । बागमती प्रदेशमा मन्त्रिपरिषद् पुनर्गठनको प्रक्रिया तत्काल बढाउन लागिएको भएता पनि बर्तमान मन्त्रीहरुले बजेट ल्याउन पाउनुपर्ने माग राखेपछि यसको प्रक्रिया अगाडि बढ्न सकेको छैन । सत्ता गठबन्धनमा रहेका दलहरूले पहिले प्रदेशसभाको रिक्त सभामुख पदको टुंगो लगाउने र त्यसपछि मात्रै मन्त्री परिवर्तनको प्रक्रिया अघि बढाउने भनेर छलफल गरेका छन् ।

सत्तारुढ दल नेपाली कांग्रेस र नेकपा एमालेका बीच भएको प्रारम्भिक छलफलअनुसार अब सभामुख चयनलाई प्राथमिकता दिइने भएको हो । गठबन्धनको छलफलका क्रममा प्रदेश सरकारको नेतृत्व मुख्यमन्त्रीमार्फत् कांग्रेसकै हातमा रहने तथा सभामुख पद भने एमालेले पाउने तयारी भएको एमालेका एक सांसदले बताए । यसअघि प्रदेश सरकारभित्र मन्त्री परिवर्तन गरेर नीति तथा कार्यक्रम तथा आगामी आर्थिक वर्षको बजेट ल्याउने तयारी रहेको चर्चा थियो । तर। काठमाडौंमा गठबन्धनका शीर्ष नेताबीच भएको छलफलपछि नीति तथा कार्यक्रम र बजेट प्रस्तुत भएपछि मात्रै मन्त्रि परिषद् पुनर्गठन हुने संकेत देखिएको छ ।

सत्ता गठबन्धनभित्र मन्त्री परिवर्तनको विषयमा शीर्ष तहमा समेत छलफल भइसकेको बताइएको छ । यद्यपि तत्काल मन्त्री हेरफेर भन्दा सभामुख चयन, सरकार सञ्चालनको रणनीति र सत्ता साझेदारीका अन्य विषयलाई प्याकेजमै सहमतिमा टुंग्याउने तयारी भइरहेको स्रोतको भनाइ छ । यता एमालेभित्र पनि वर्तमान मन्त्रीहरूको कार्यशैलीप्रति असन्तुष्टि बढ्दै गएको बताइएको छ । संसदीय दलभित्रका केही सांसदहरूले सरकारको काम अपेक्षाअनुसार प्रभावकारी हुन नसकेको भन्दै नेतृत्वसमक्ष असन्तुष्टि व्यक्त गरेका छन् । यसले मन्त्रि परिषद् पुनर्गठनको बहसलाई थप बल दिएको छ ।

उता हाल विभिन्न मन्त्रालय सम्हालिरहेका मन्त्रीहरूले भने आगामी आर्थिक वर्षको बजेट आफैंले निर्माण गर्न पाउनुपर्ने धारणा राख्दै आएका छन् । बजेट निर्माणको अन्तिम चरणमा मन्त्रालयको नेतृत्व परिवर्तन गर्नु उपयुक्त नहुने उनीहरूको तर्क छ । यसले मन्त्री परिवर्तनको विषयमा आन्तरिक असन्तुष्टि पनि देखिएको छ ।

प्रदेशसभामा लामो समयदेखि रिक्त रहेको सभामुख पदको टुंगो लागेपछि मात्रै सरकारभित्रको शक्ति सन्तुलन स्पष्ट हुने र त्यसपछि मन्त्रिपरिषद् पुनर्गठनको प्रक्रिया औपचारिकरूपमा अघि बढ्ने अपेक्षा गरिएको छ । आगामी मन्त्रिपरिषद् पुनर्गठनले बागमती प्रदेश सरकारको कार्यसम्पादन, राजनीतिक सन्तुलन र गठबन्धनभित्रको सत्ता साझेदारीको समीकरणमा महत्वपूर्ण प्रभाव पार्ने देखिएको छ ।

## वडा सीमा विवाद सुल्झाउने मापदण्डको सुझावमाथि अध्ययन जारी

सन्देश संवाददाता

काठमाडौं/संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले कतिपय स्थानीय तहका केही वडाहरुको सिमाङ्कनसम्बन्धि समस्याका कारण जनताले भोग्नु परेको समस्यालाई नीतिगतरुपमै समाधान गर्न तयार गरिएको मापदण्डको मस्यौदाका सम्बन्धमा प्राप्त सुझाव अध्ययन गरिरहेको जनाएको छ ।

सिमांकन र भू-भाग एकातिर सिफारिस अर्कातिरबाट हुँदा जनतालाई परेको अप्ठ्यारा र गुनासो सम्बोधन गर्न मन्त्रालयले नीतिगत रुपमै समस्या सुल्झाउन त्यस सम्बन्धि कानुन निर्माणका लागि मापदण्डको मस्यौदा तयार गरी आम जनतासँग सुझाव र राय परामर्श माग गरेको थियो ।

मन्त्रालयका उपसचिव दीपक ढकालले स्थानीय तहबाट अध्ययन गरी मापदण्डका आधारमा गाउँपालिका महासंघ र नगरपालिका संघका पदाधिकारीसँगको छलफल र परामर्शमा मापदण्डको मस्यौदालाई अन्तिमरुप प्रदान गर्न अध्ययन भइरहेको जानकारी दिएका छन् । यसअघि मापदण्डको मस्यौदामा केही छ भने सुझाव पाउ भनी सरोकारवाला पक्षसँग मन्त्रालयले आह्वान गरिसकेको छ ।

उपसचिव ढकालका अनुसार कतिपय स्थानीय तह तथा नगर पालिका, उपमहानगरपालिका गाभिएर महानगरपालिका बनाउन हालको नगरपालिकको वर्गीकरणलाई पुनरावलोकन गर्ने भन्ने विषय पनि उठेको छ । त्यस्तो अवस्थामा वर्गीकरणमा समेट्न सकिने गरी मापदण्डको मस्यौदा बारे मन्त्रालयमा विभिन्न चरणमा छलफल भइसकेको छ ।

स्थानीय तह सञ्चालन ऐनमा स्थानीय तहमा साँध सिमाना एक आपसमा गाभिन सक्ने प्रावधान छ । मुलुकका झण्डै १०० भन्दा बढी स्थानीय तहबाट स्थानीय तहको केन्द्र परिवर्तनका कुरा पनि उठेको मन्त्रालयले जनाएको छ । वि.सं. २०७४ मा ७५३ स्थानीय तह रहने व्यवस्था भएसँगै आमजनताको घर नजिक स्थानीय सरकारका रुपमा पालिका सरकार सञ्चालन छ । मुलुकमा हाल एक केन्द्र सरकारसहित सात प्रदेश सरकार र ७५३ स्थानीय सरकार अभ्यासमा रहेका छन् ।

हाल मुलुकमा ६ महानगर पालिका, ११ उपमहानगरपालिका, २७६ नगरपालिका ४६० गाउपालिका र ६ हजार ७४३ वटा वडा कायम छन् । बिगतमा स्थानीय तह नाम र संख्या सिफारिसमा स्थानीय कार्यदलदेखि प्रदेश हुँदै केन्द्रमा आयोग गठन गरी त्यसले दिएको सुझावका आधारमा निर्णय नाम र वडाको संख्या कायम गरिएको हो । त्यस बेला स्थानीय तह र वडाको मोटा मोटी सिमांकन गरिए पनि साङ्गो पाङगो रुपमा फिल्डमा गएर चुस्तदुरुस्त गर्न सकेको थिएन । जसका केही वडाको भूगोल र सीमाना फेरबदल पर्न गएको थियो ।

## आयुर्वेद औषधि ब्यबसायी संघमा गिरीको नेतृत्व




सन्देश संवाददाता

हेटौंडा/नेपाल आयुर्वेद औषधि ब्यबसायी संघ मकवानपुर जिल्ला शाखाको तेस्रो अधिवेशनबाट तुल्सी गिरीको अध्यक्षतामा निर्विरोध नयां कार्यसमिति चयन भएको छ ।

शुक्रबार भएको अधिवेशनबाट गिरीको अध्यक्षतमा ५च सदस्यीय कार्यसमिति निर्विरोध चयन भएको हो । संघको उपाध्यमा शुशिला खनाल, सचिवमा डा. रमेश चौधरी, कोषाध्यक्षमा डा. नितेशकुमार गिरी र सदस्यमा ममता साह चयन भएका हुन् ।

कार्यक्रममा नेपाल आयुर्बेद औषधी ब्यबसायी संघ, केन्द्रीय कार्यालयका महासचिव लेखनाथ भुसालले वर्तमान समयमा आर्युवेदप्रति जनमानसको लोकप्रियता क्रमश बढ्दो क्रममा रहेकोले आर्युर्वेद उपचार पद्दतीलाई आधुनिक युगसंगै लैलानु पर्नेमा जोड दिएका थिए ।

कार्यक्रममा सम्बोधन गर्दै संघ बागमती प्रदेशका अध्यक्ष सन्तोष ढुंगेलले हाम्रा पुर्खाले अपनाएको आर्युवेद उपचार पद्दतीको अहिले बर्तमान समयमा पनि सान्दर्भिक देखिदै आएकोले हामीले रोगीको उपचारमा तन र मन लगाएर उपचार क्रममा सहयोग गर्नुपर्नेमा जोड दिएका थिए ।

मकवानपुर जिल्लामा रहेका सबै आर्युवेद चिकित्सक र आर्युवेद औषधी बिक्रेताहरुको उपस्थितिमा कार्यक्रम भएको हो । अध्यक्षको टिमलाई केन्द्रीय कार्यालय तथा वागमती प्रदेशस्तरीय समितिकाले शुभकामना दिदै आर्युवेद क्षेत्रको थप बिकासमा कार्यसमितिले उल्लेखनीय काम गर्ने आशावादी रहेको बताएका थिए ।

## वडास्तरीय अभिमुखीकरण कार्यक्रम

जी. न्यौपाने

हेटौंडा/जिल्ला जनस्वास्थ्य कार्यालय मकवानपुरको आयोजनामा हेटौंडा उपमहानगरपालिका-११ मा 'एक जिल्ला एक स्वास्थ्य कार्यक्रम' अन्तर्गत वडास्तरीय समिति बैठक तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । वडाअध्यक्ष जुना दाहालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वास्थ्यसम्बन्धि नीति, योजना तथा स्थानीयस्तरमा कार्यक्रम कार्यान्वयनका विषयमा छलफल गरिएको थियो ।

कार्यक्रममा हेटौंडा उपमहानगरपालिका स्वास्थ्य विभाग (जनस्वास्थ्य शाखा) प्रमुख सूर्यप्रसाद तिवारीले सहजीकरण गर्दै कार्यक्रमको उद्देश्य, कार्ययोजना तथा अपेक्षित उपलब्धिबारे जानकारी गराएका थिए ।

कार्यक्रममा गोपिनी सापकोटा, गीता सुनार, गोकर्णप्रसाद पराजुली, सूर्यप्रसाद तिवारी, सिम्रन के.सी., प्रिन्स दाहाल, देवकुमार श्रेष्ठ, मीना कुमारी तथा शर्मिला ढकाल श्रेष्ठ लगायतको उपस्थिति रहेको थियो । कार्यक्रममार्फत् स्थानीय तहमा स्वास्थ्य सेवाको पहुँच वृद्धि, समन्वय सुदृढीकरण तथा समुदायस्तरमै प्रभावकारी स्वास्थ्य सेवा प्रवाह गर्ने लक्ष्य राखिएको बताईएको छ ।






# नाङ्गो खुकुरी

कथा :



✍तारिणीप्रसाद कोइराला

हातमा नाङ्गो खुकुरी लिएको एउटा मानिस सडकको बीचबाट अगाडि बढ्दै थियो । छिटो-छिटो हिँड्दै थियो र उसका हरेक डेग राम्ररी भर परेर हिँड्दै थिए । पाइलाको प्रत्येक चालमा हातको चम्किलो सुकिलो खुकुरी सूर्यको चम्किलो प्रकाशले टलक्क टल्किन्थ्यो । एक सुरले अगाडि बढ्दै गयो, बढिरह्यो । पेटीमा हिँडिरहेका दुई जना भलादमी ठिङ्ग उभिएर उसलाई हेरे । दुवै जना आश्चर्यचकित भए । दुईमध्ये एउटाले भन्यो- “पक्का पनि यसले कसैलाई काट्छ ।” अर्कोले भन्यो । “आँखा देख्नुभएन कस्तो डरलाग्दो थियो ? जोसुकै अगाडि परे पनि ‘हानिहाल्ला जस्तो ।”

“दाजुभाइको झगडा होला” पहिलो भलादमीले अडकल काट्यो । नत्र जतिसुकै ठूलो से ठूलो शत्रुलाई पनि मानिस काटिहाल्न सक्तैन । ‘हो नि त’ समर्थन गर्दै दोस्रोले शङ्का प्रकट गर्यो,“तर दाजुभाइको झगडा त घरभित्र पो हुन्छ । नछुट्टिँदैमा पो हुन्छ । यति टाढा गएर मार्ने त आवश्यकता पर्दैन, फेरि हत्या सोची-विचारीकन हुँदैन । एउटा यस्तो क्षणमा मानिसले हत्या गर्दछ जब उसको मगज एकपलको निम्ति शून्य हुन्छ । यत्रो लामो बाटो हिँडेपछि हत्या गर्ने प्रवृत्ति सेलाएर जान्छ । हत्या गर्न नै सक्तैन ।”

अचेल झगडाको सानो बीउले एउटा राष्ट्रको अर्को राष्ट्रसँग लडाइँ हुन सक्तछ भने एउटा व्यक्तिगत झगडालाई केको ठूलो निहुँ चाहिन्छ र । एकछिनपछि उसले फेरि थप्यो “साहूसँग किनमेल गर्दा नै झगडा भयो होला । अचेलका पसले पनि त उस्तै टिम्मुरिया हुन्छन् नि ! भन्छन्, ‘लिने भएले नभए ला ।’ तपाईं-हामीजस्तो झगडा गर्नु भनेर यो त खुरुक्क किन्छौं अथवा सुरुक्क अगाडि हिँडिदिन्छौं । तर सबै त्यस्ता हुन्नन् । भन्छन् ‘यतिमा, तैंले दिनैपर्छ ।’ साहू त पानीमरुवा हुन्न भने किन्ने मानिस त किन भइरहन्थ्यो । बस के थियो, भनावैरी हुन्छ, झगडा बढ्छ । आमा, दिदी, बहिनी र यहाँसम्म कि आफ्ना-आफ्ना स्वास्नीसमेतलाई साछी राखेर फोहोर गाली गर्न लाग्दछन् । यसले भन्यो होला- ‘हेर साहू, धेरै बढेर बोलिस् भने झापड खालास् ।’ उसले भन्यो होला ‘तँ जाबो लोफरलाई, दुःखजिलो गरी छिँडीमा बस्ने सिपाही के गरिहाल्छस् त !’ सिपाहीको भावुकतालाई चोट लाग्यो होला र घरबाट खुकुरी लिएर आयो होला ।”

एकछिन दुवै चुप्प लागे । दुवै यही घटनाको विषयमा विचार्दै अगाडि बढे । दुवै सोचिरहेका थिए, त्यो नाङ्गो खुकुरी लिने साहूको पसलमा पुग्यो होला, साहू ग्राहकलाई जीरामरीच बेच्दै होला । त्यसले केहीबेरअगाडि सिपाहीसँग भएको झगडालाई बिर्सिएको होला । अर्को ग्राहकलाई उत्साहपूर्वक चामल नाप्दै ऊ भन्ठान्दो होला ‘आज त निकै बिक्री भो । सधैं यत्तिकै बिक्री भो भने खिच्चा साहूजति धनी हुन कतिबेर लाग्छ ?’ त्यसैबेला ऊ अगाडि नाङ्गो खुकुरी लिएको मानिसलाई उभिएको देखेर तर्सियो होला, उसले भाग्ने प्रयत्न अवश्य गयो होला । तर भाग्नुभन्दा पहिले नै दुवैजना हिँड्दा हिँड्दै ठ्याक्क रुके, दुवैले एकैपल्ट भने “हैन पुलिसलाई खबर गर्नु पर्दछ ।” अनि दुवै पुलिसअड्डातिर लागे ।

पानको पसलमा दुईजना नवयुवकहरू नाङ्गो खुकुरी लिएर जाने मानिसलाई देखेर झस्किए । एउटा कहिलेकाहीँ कविता बनाउने गर्दथ्यो र अलिक भावुक थियो । उसले भन्यो “त्यो कम्ती निर्दयी रहिछ, उसले यो प्रेमीको केवल हृदयको कदर गरिनछ, निर्मोही भएर चोट पुर्‍याइछ ।”

अर्को युवकले भन्यो “यो सरासर अन्याय हो । मानिसलाई मानिसले मार्ने अधिकार छैन, यो हुन दिनु हुन्न । पान पसलेले पान लगाउँदै अलि लापरबाहीसाथ भन्यो “कहाँ हजुर, अचेलका आइमाई पनि त उस्तै हुन्छन् नि ! एउटालाई जालोमा फसाएर अर्कोलाई फकाउने कोसिस गर्दछन् । त्यस्तालाई यस्तै गर्नुपर्छ, त्यस्ताले यस्तै भोग्नुपर्छ ।”

“कहीं आफ्नो स्वास्नीसँग फसेको नाठोलाई पनि त काट्न हिँड्या होइन ?” दोस्रोचाहिँ युवकले भन्यो “पक्का पनि त्यही हो । लोग्नेमान्छे स्वास्नी मानिसलाई हत्त न पत्त काटिहाल्न सक्तैनन् ।” दुई बिरा पान कविलाई दिएर अरू पान लगाउँदै पसलेले भन्यो “हाम्रो मुलुकमा जार काट्ने चलन अस्तिसम्म पनि त थियो नि ! ऐन फेर्नासाथ मानिसको मन कहाँ फेरिन्छ र !” कवि यो दृश्य देखेर भुलिएको थियो, उसको मगजमा नानाओली कुरा खेल्दै थियो, भन्यो “झलमल्ल घाम लागेको बेला नाङ्गो खुकुरी नचाउँदै एउटा आर्कोलाई काट्न जाओस् र हाम्रो ऐनचाहिँ वाल्ल परेर मुख बाएर तमासा हेरिरहोस् । यो कदापि हुन दिनु हुन्न, यस्तो स्वतन्त्रता दियो भने भोलि तिनी हामीलाई काट्न हिँड्छन् ।”

कविले सोच्यो ‘त्यो प्रेमीको सुकुमार मुटुमा प्रेमिकाले धोका दिएर ठूलो चोट दी होली ।’ कोही चोट खप्न सक्छ, कोही सक्तैन । कोही पागल हुन्छ, कोही जिन्दगीभर रोएर बस्छ, कोही आत्महत्या गर्छ, कोही हत्या गरेर बदला लिन्छ । तेस्रो नजर खोलेर हेर्‍यो भने ऐनले या त सबैलाई दण्ड दिनुपर्ने या त कसैलाई पनि नदिनुपर्ने । तर हाम्रो ऐन गलतलाई सजाय दिन सक्तैन, भन्छ बहुलाएछ । जिन्दगीभर रोएर बस्नेलाई सजाय दिन सक्तैन भन्छ, अभागी रहेछ । आत्महत्या गर्नेलाई सजाय दिन सक्तैन, भन्छ कठै बिचरा अपहत्ते गरेर मरेछ । तर, हत्या गरेर बदला लिनेलाई ऊ सजाय गर्छ । पागल हुने रुने गर्छ । आत्महत्या गर्ने र हत्या गर्ने, सबैको कारण चाहिँ एउटै भए पनि सजायचाहिँ पाउँछ पहिलोले ।

उसले प्रकाशमा मित्रसँग सोध्यो “भन त हाम्रो ऐनको कुन दफामा प्रेम नगर्नू भनेर लेखेको छ ? प्रेमको अन्त्य दुई किसिमको छ । वियोगान्त र संयोगान्त । संयोगान्त भयो भने त बेसै भयो, तर वियोगान्त भयो भने त ऊ पागल हुन्छ, यो रोएर जिन्दगी बिताउँछ, या आत्महत्या गर्छ, यो हत्या गरेर बदला लिन्छ । सबैले त ऐनको नजरले एकैनासको दण्ड पाउनुपर्ने । यसले मात्र किन दण्ड पाउनुपर्ने ? यसले मात्र किन दण्ड भोग्नु ? यसले हत्या गरेर बदला लिन सकेन भने यो पागल हुन्छ अथवा रोएर जिन्दगी बिताउँछ, यो आत्महत्या गर्छ । हत्या गरेर बदला लियो भन्दैमा यसले के बिगार गर्‍यो ?”

कविका मित्रलाई पसलेले अर्को दुई बिरा पान दियो । उसको मुखमा पानको बुजो हुनाले अस्पष्ट आवाजले ‘हैन, हैन’ मात्रै भन्यो । दुवै युवक मनमा नाना किसिमका कुरा खेलाउँदै अगाडि बढे । दुवैले सोचे ‘अब एकछिनमा ऊ आफ्नो प्रेमिकाको घरमा पुग्नेछ । प्रेमिका जवान होली, सुकुमार होली, राम्री होली । यसको आइपुग्ने समय नहुनाले ढुक्क परेर उसले आफ्नो छिमेकी–लाई झ्यालबाट इसारा गरेर बोलाई कोठामा राखेकी होली । दुवै हाँसी-हाँसी प्रेमका कुरा गर्दा होलान्, त्यसै बेला यो पुग्छ । प्रेमिका गिजिएर भन्ली ‘तिमी मेरो मुटु, तिमी मेरो प्राण । ठुस्किएको अभिनय गर्दै ऊ भन्ला ‘मभन्दा ऊ धेरै असल छ, धेरै राम्रो छ, धेरै बाठो छ ।’ प्रेमीको काखमा टाउको राखेर प्रेमिकाले भन्ली ‘उसलाई म माया गर्दिनँ । ऊ, बदमासले मलाई साह्रै दुःख दियो, मलाई ठग्यो । ऊ खराब छ, नराम्रो छ, लाटो छ । बन्द ढोकामा उभिएर ऊ सुन्ला । क्रोधले लातले हानेर ढोका खोल्ला । हातको नाङ्गो खुकुरी’

चौरस्तामा उभिएको पुलिस हातमा नाङ्गो खुकुरी लिएर एकसुरले हिँडिरहेको मानिसलाई देखेर अकमक्क पर्‍यो । एक्लै गएर उसलाई समाती पुलिसअड्डामा लाने उसको हिम्मत परेन । उसले सोच्यो ‘एक पलको पनि विलम्ब गर्‍यो भने एउटा निर्दोषीको प्राण जाने भो ।’ त्यसकारण मद्दत माग्न ऊ उत्तिखेरै पुलिसअड्डातिर दगुर्‍यो । ऊ दगुर्दै थियो र सोच्दै थियो कि कसलाई काट्न ऊ खुकुरी लिएर गएको होला ? एक घण्टाअघि डेराबाट ड्युटीमा आउँदा मदनेको घरमा उसले झगडाको कोलाहल सुनेको थियो । हल्ला सुनेर सडकभरि पनि मानिस भेला भएका थिए । ड्युटीलाई अबेर भएकोले उसले राम्ररी उभिएर कुरा बुझ्न पाएन । दिदी चकारेर फेरि पनि गाली गरिस् भने काट्नेछु, बुझिस् काट्नेछु-सम्म भित्रबाट आवाज आएको उसले सुनेको थियो । उसले भन्ठानेको थियो, ‘यस्तो झगडा त बराबर भैरहन्छ । तर, त्यो झगडाको परिणाम यतिसम्म पुग्ला भन्ने उसले सोचेको पनि थिएन । अबेर भयो भने मदने काटिन्छ । उसले सोच्यो । झन् जोरसँग दगुर्‍यो ।

## मकवानपुरमा आज

१: जानकारीमा नआएको ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | नयाँ अवसरका साथै आम्दानीका स्रोत फेला पर्नेछन् । श्रमको उचित मूल्यांकन हुनेछ । पढाइमा ध्यान केन्द्रित हुनेछ, प्रगति हुनेछ । | बृष | प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ व्यापारमा थोरै लगानीबाट पनि नाफा उठाउन सकिनेछ, प्रयत्न गर्दा छोटो समयमै काम बनाउन सकिनेछ । |
| मिथुन | सम्भावना र अवसर खोजी गर्ने समय छ । आजको मिहिनेतले भविष्यमा नाम र प्रतिष्ठा दिलाउन साथीको सहयोगले हिम्मत दिलाउनेछ । | कर्कट | दिगो फाइदा हुने योजना कार्यान्वयन गर्न सकिनेछ । सामाजिक दायित्व बढ्नेछ सानो प्रयत्नले समाजका लागि फाइदा हुने काम सम्पादन गर्न सकिनेछ । |
| सिंह | केही फाइदा लिन अर्को वस्तु त्याग्नु पर्ला । व्यवसायमा लगानी बढाउनु पर्ने समय छ । सरसापटमा धन बाहिरिन सक्ने योग देखिनेछ । | कन्या | स्वास्थ्यमा कमजोरी अनुभूति हुन सक्छ । खानपान र आहारविहारमा ध्यान पुर्‍याउनुहोला केही उपलब्धिको स्रोत भने पहिल्याउन सकिनेछ । |
| तुला | तारिफयोग्य पहिरन, व्यक्तित्व र कामले चर्चित भइनेछ । विशेष उपहार प्राप्त हुन सक्छ । घुमफिर तथा मनोरञ्जनको समय छ । | बृश्चिक | श्रमको राम्रै मूल्यांकन भए पनि प्रतिफल तत्कालै प्राप्त नहुन सक्छ । भएको आम्दानी र सञ्चित रकमसमेत खर्चनु पर्ने योग देखिएको छ । |
| धनु | भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ व्यवसायको सन्दर्भमा रमाइलो यात्रा हुनेछ । मित्रता र प्रेमको बन्धन कसिलो हुनेछ । | मकर | श्रम परे पनि सुखद् समाचारले उत्साह जगाउनेछ तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ । बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ । |
| कुम्भ | आम्दानीका स्रोत पनि बढ्नेछन्, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ । अध्ययनमा प्रगति हुनेछ र अनुभवलाई निखार्ने अवसर प्राप्त हुनेछ । | मिन | समुदायको हितमा राम्रै काम गर्न सकिनेछ । टाढिएका साथीभाइ नजिकिनाले हर्ष बढ्नेछ । भाग्यले विभिन्न अवसर थमाउने योग छ । |

## हाम्रो सम्पर्क ठेगाना

हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८०१०६७२३६
बिज्ञापन शाखा : ९८६५१७५१३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

# नमस्कार गर्दा

गजल :



✍सिराना श्रेष्ठ

ठुलो हुन्न सानो नमस्कार गर्दा
पाथी होस् न मानो नमस्कार गर्दा ।
।।
उठून् हात हाम्रा बिनाभेदभाव
को आफ्नो बिरानो नमस्कार गर्दा ।
।।
हुँदा नित्य संस्कारको पालनाले
भरी हुन्छ पानो नमस्कार गर्दा ।
।।
दिई चोट बज्रिन्छ खुकुरी ममाथि
नठानोस् अचानो नमस्कार गर्दा ।
।।
हुँदा भेट पहिलो बडो नम्रताले
चिनिन्छन् फलानो नमस्कार गर्दा ।
।।

# घामकिरी

बालगीत :

✍मधुर भट्टराई

के हो भन्थेँ आकाशमा उड्ने फिरिफिरी
आखिरमा थाहा पाएँ रैछन् घामकिरी ।
।।
कति धेरै रङ्गीचङ्गी कति धेरै हुल
यस्तो लाग्यो हावासँगै उडेका छन् फूल ।
।।
उडेका पो कता होलान् लामा प्वाँख भिरी
बादलको देश जाने हो कि घामकिरी ?
।।
पुच्छर पनि लामा-लामा हेलिकप्टर जस्तै
उडिमात्रै रहन्छन् कि जान्छन् कतै बस्दै ?
।।
पात हल्लाई हावा पनि चल्यो सिरिसिरी
हावा चलेकै दिशातिर उडे घामकिरी ।

# मेरो गाउँ



✍धनराज सिंह

**सहर भन्दा गाउँ नै मन पर्छ मलाई ।**
**सहरको मकानभन्दा**
**गाउँ कै सानो घर मन पर्छ मलाई ।**
।।
**सहरको व्यस्त अशान्ति जीवनभन्दा ।**
**गाउँ कै साधारण जीवन मन पर्छ मलाई ।**
।।
**सहरको धनी मान्छेको नक्कली मुस्कानभन्दा**
**गाउँमा बस्ने गरिबको मुस्कान मन पर्छ मलाई**
।।
**मन पर्छ मलाई गाउँको हरियाली,**
**सहरको रुख्खापन भन्दा ।**
**मन पर्छ मलाई गाउँले जीवन नै**
**सहरी जीवनभन्दा ।**
।।
**आमाको गर्भमा फर्कीए झैं लाग्छ**
**गाउँ गएपछि ।**
**याद आउँछ संधैं गाउँको**
**फर्केर फेरि सहर गएपछि**
।।

# हाँस्दै गरेको देखेर

गजल :



✍तिर्थराज खड्का

हाँस्दै गरेको देखेर खुसी छ सोचिरह्यो
यो दुनियाँले हरवखत गलत देखिरह्यो ।
॥
नदीको पुल भएको भए हुने थियो
बगरको पत्थर भएछु, नदीले हानिरह्यो ।
।।
कैद गरेर राखिएको रहेछ पिँजडाभित्र
मलाई चरीको विलापले पिरोलिरह्यो ।
॥
बगेको पानी हो, दुनियाँले प्यास बुझाएर गए
खोलाकै नजिकको बगर भने तिर्खाइरह्यो ।
॥
हरक्षणमा किन हो प्रश्न नै प्रश्न ?
खोइ? बिरलै सम्झना मात्रै आइरह्यो ।
॥
हिजोआज किन हो कलह मात्रै
तिम्रो त्यो निस्पृहताले सबै सताइरह्यो ।
॥
पलसँगै कुसुम बनी फुलिरहन्छु भन्ने उनी
साथमा खुसी, फेरि नेत्रले देख्न असम्भव रह्यो ।

# वीरबलको खिचडी पाक्दैन

गीत :



✍अमिक बराल

नपर्ख है, वीरबलको खिचडी पाक्दैन
कुरी नबस, हुटिट्याउँले आकाश थाम्दैन ।
हार्नेको त यहाँ कतै कथा लेखिन्न
रित नै छ संसारको, सबैथोक भेटिन्न ।
✦
रस मीठो उखुको, फल कतै देखिन्न
कथा लेख्ने कलमको आफ्नै व्यथा लेखिन्न ।
सुगन्ध छ चन्दनमा, फूल कतै देखिन्न
रित नै छ संसारको, सबै थोक भेटिन्न ।
✦
चमक राम्रो सुनको, तर बास्ना आउँदैन
कस्तुरीले आफ्नै सुवास किन चिन्दैन ?
उज्यालो छर्ने दियोले आफ्नै मुनि देख्दैन
रित नै छ संसारको, हारको कथा लेखिन्न ।
✦
पानी छ सागरमा, तिर्खा त्यसले मेटिन्न
अटल छ हिमाल, शिखरमा फल भेटिन्न ।
मान्छे चिन्न गाह्रो छ, अनुहारमा देखिन्न
रित नै हो संसारको, घाम र जूनसँगै भेटिन्न ।
✦
रित नै छ संसारको, हारको कथा लेखिन्न
रित नै छ संसारको, सबै थोक भेटिन्न ।
✦

# कविता र म



✍डा. नम्रता पाण्डे

मैले कवि हुने विषय पढिनँ
न त कुनै किताबमा कविता सिकेँ ।
साहित्य त केवल अक्षर थिए
तर जीवन मेरो पाठ्यपुस्तक बन्यो
अनि जीवनका कविता फुर्न थाले ।
।।
जब फूल मेरो हृदयमा फक्रियो
तब कवितामा सुवास आउन थाल्यो ।
फूलको रूपभन्दा गहिरो
म अनुभूतिको बगैँचामा पुगेँ
जहाँ हरेक रङ एउटा शब्द बनेर खस्यो ।
।।
जब नदी हृदय भएर बग्न थाल्यो
कविताका शब्दहरू रोकिएनन्
कविताहरू स्वतः बग्न थाले
जस्तो चेतनाको धारासँगै
जहाँ शब्दहरूले आत्मालाई
धोएर शुद्ध बनाइरहेका छन् ।
।।
जब ब्रह्माण्ड मेरो आत्मामा बस्यो
तब कविताको सीमा रहेन ।
आकाश, धर्ती, आँसु, हाँसो
सबै विषयहरू एउटै स्वरमा गुञ्जिए ।
म कवि रहिनँ
सृष्टिका सारा आयाममा
कविता देख्न थालेँ ।
।।
जब मौनले बोल्न सिकायो
शब्दहरू अर्थको पार गए ।
म लेख्दिनथेँ, केवल बग्थेँ
जस्तो अस्तित्वले आफ्नै
कथा सुनाउँदैछ ।
त्यो क्षण म कवि होइन
कविता स्वयं भएर
बाँचिरहेकी थिएँ ।
।।

# सेती नदी

कविता :



✍सुरज उपाध्याय

बग्दै आयौ हिमालबाट, नामै तिम्रो सेती
हाम्रा पुर्खा कहाँ लग्यौ, भनिदेऊ न यति ।
हे... सेती, भनिदेऊ न यति ।
॥
बनाएर किनारमा ढुङ्गाको सिरानी
आँसु झार्दै आएका हौं, बगाउँदै खरानी ।
त्रिशूली र नारायणी हुँदै पुग्यौ गंगा
बाँचिरहेकै छौं आज हामी, यादहरूसँग ।
॥
बग्दै आयौ हिमालबाट, नामै तिम्रो सेती
हाम्रा पुर्खा कहाँ लग्यौ, भनिदेऊ न यति ।
हे... सेती, भनिदेऊ न यति ।
॥
हाम्रो मन चर्किन्छ, तिमी चर्किंदैनौ
पुग्छौ तल बङ्गालमा, तिमी फर्किंदैनौ ।
बोलाउँछ यो मनले, बोल्दै नबोले पनि
तिम्रा पुर्खा यहाँ छन्, भनी भन्दै नभने पनि ।
॥
बग्दै आयौ हिमालबाट, नामै तिम्रो सेती
हाम्रा पुर्खा कहाँ लग्यौ, भनिदेऊ न यति ।
हे... सेती, भनिदेऊ न यति ।

# उडी चन्द्र छुन्छन्

गजल :



✍गम्भीर दुवाडी

उडी चन्द्र छुन्छन् यिनै सादगीले
बुझी मर्म सुन्छन् यिनै सादगीले ।
।।
सिँगारी कलाले धरोधाम जम्मै
मिलाएर तुन्छन् यिनै सादगीले ।
।।
न लोभी न पापी, बडो उच्च जीवन
अरू झैं न रुन्छन् यिनै सादगीले ।
।।
उषासँग उठ्छन् निशासँग सुत्छन्
नयाँ सोच बुन्छन् यिनै सादगीले ।
।।

# घर

कविता :



✍डा. नम्रता पाण्डे

धुरी, खाँबा र दलिनले मात्र
बनेको हुँदैन घर
घर एउटा ठेगाना मात्र पनि होइन ।
घरसँगै गाँसिएका हुन्छन्
सम्बन्धका गहिरा जराहरू
जोडिएका हुन्छन् आत्मीय मनहरू
बाँधिएका हुन्छन् स्मृतिका धागोहरूले ।
चुलो, चौका र कोठाहरू
✦
विश्वास र आस्थाका रङहरूले
पोतिएका हुन्छन् आँगन र भित्ताहरू ।
घर अस्तित्वको पहिचान हो
मनको शान्त विश्रामस्थल
एउटा सुन्दर संसार हो ।
✦
जहाँ पुगे पनि
थाकेका पाइलाहरू
घरको आँगनमै आएर सुस्ताउँछन्
ढोकाले न्यानो अँगालो हाल्छ
मनको आकाशमा मिठो मुस्कान फुल्छ ।
रङ खुइलिएको भए पनि
धुरी चुहिएकै भए पनि
आफ्नै घर सधैँ न्यानो र प्यारो लाग्छ ।
✦
जब हठात्
आफ्नै आँखाअगाडि
वर्षौंदेखि ओत दिइरहेको धुरी खस्छ
भित्ताहरू चकनाचुर भएर ढल्छन्
आँगनका फूलहरू मुर्झाउँछन्
दलिनमा बास बस्न आउने गौंथलीहरू
आफ्नो गुँड खोज्दै कराउँछन् ।
✦
त्यति बेला
घर मात्रै भत्किँदैन
मनभित्रको संसार चर्किन्छ
स्मृतिका पानाहरू च्यातिन्छन्
सम्बन्धका बलिया जराहरू टुक्रिन्छन् ।
✦
आफ्नै आकाश हराउँदा
आफैंले टेकेको जमिन भासिँदा
आफ्नै अस्तित्व
आफ्नै आँखाअगाडि चिप्लिँदा
घर मात्र होइन
घरसँगै धेरै सम्बन्धहरूको
उठीबास हुँदो रहेछ ।
✦

# साथी हार्नु पर्छ श्रीमतीसँग



विद्यानन्द बेदर्दी

मनको खेल जब हुन्छ मतिसँग
साथी म हार्नु पर्छ श्रीमतीसँग ।
✦
आमा ! तिम्रै वीरताले जन्मेको हुँ म
डराउनु पर्दैन मलाई वीरगतिसँग ।
✦
माया लगानी गर्छु, ब्याज आउँछ
किन डाह गर्छौ मेरो सम्पत्तिसँग ?
✦
एक अवसर देऊ देश ! म आउँछु
हैन भने क्षमाप्रार्थी छु सन्ततिसँग ।
✦
मनको घाउलाई मायाको मलम चाहिन्छ
निको हुन्न बजारका ओखतीसँग ।
✦
मरेपछि के लान्छौ ? दिएनन् जवाफ
सवाल यो सोधेँ ‘मै हुँ’ भन्ने जतिसँग ।

# जलाएर गयौ

*रामशरण गैरे*

शीतल छाया बन्छु भन्यौ, जलाएर गयौ ।
जिन्दगीलाई उराठ बगर बनाएर गयौ ।
॥
बिदाइका हात हल्लाउँदै तिमी टाढा भयौ
हेर्दाहेर्दै यी नजरबाटै तिमी हराएर गयौ ।
॥
सँगै बाच्छु भन्यौ, तिमीसँगै मर्छु भन्थ्यौ
केवल सम्झना मात्र दिलमा सजाएर गयौ ।
॥
तिमीसँग संसार भुल्दै सपनाहरू बुनिरहें
लत्याउँदै चोखो माया अन्तै रमाएर गयौ ।

# महिला र पुरुषमध्ये कसले छाड्छ धेरै वायु ? कसको बढी दुर्गन्धित ?

अमेरिकाको मिनियापोलिस भेट्रान हस्पिटलका डाक्टर माइकल लेभीटले गरेको अध्ययनले पुरुषहरूले बढी मात्रामा अपानवायु छाड्ने तर महिलाहरूको वायु बढी दुर्गन्धित हुने खुलासा गरेकाम छन् ।

महिलाहरूको वायुमा हाइड्रोजन सल्फाइडको मात्रा पुरुषहरूको तुलनामा बढी पाइन्छ, जसले दुर्गन्ध पैदा गर्ने मुख्य भूमिका खेल्छ । हवाई जहाजको उचाइमा हावाको दबाब कम हुँदा आन्द्रामा रहेको ग्यास फैलिन्छ र बढी पाद आउँछ, जुन भौतिक विज्ञानको नियम हो ।

महिला हुन् कि पुरुष सबैले पेटमा बनेको ग्यांस मलद्वारबाट छाड्नु सामान्य जैविक क्रिया हो । तर यी दुईमध्ये कसले धेरै अपानवायु छाड्छन् होला अनि कसको वायु बढी दुर्गन्धित हुन्छ होला ? एक वैज्ञानिक अध्ययनले यसबारे रोचक खुलासा गरेको छ । वासिङ्टन पोष्टले उधृत गरेको एक अनुसन्धानअनुसार पुरुषहरूले बढी मात्रामा वायु निकाल्छन् तर महिलाहरूको वायु चाहिँ अधिक दुर्गन्धित हुन्छ । महिलाहरूको पादमा हाइड्रोजन सल्फाइडको मात्रा बढी हुने भएकाले त्यसको गन्ध धेरै कडा हुने निष्कर्ष वैज्ञानिकहरूको छ ।

हाम्रो शरीरमा दैनिकरूपमा खाना पच्ने प्रक्रिया चलिरहन्छ । पेट र आन्द्रामा रहेका ब्याक्टेरियाले खाना-लाई टुक्र्याउने काम गर्छन् । यस प्रक्रियामा ग्यांस उत्पन्न हुन्छ । अधिकांश ग्यास गन्धरहित हुन्छन्, जस्तै नाइट्रोजन, कार्बन डाइअक्साइड, अक्सिजन र हाइड्रोजन । तर, केही ग्यासमा सल्फर हुन्छ, जसले दुर्गन्ध पैदा गर्छ । सबैभन्दा मुख्य दुर्गन्धयुक्त ग्यास हाइड्रोजन सल्फाइड हो, जसले



कुहिएको अण्डाजस्तो गन्ध उत्पन्न गर्छ ।

औसतमा एकजना मानिसले दिनमा १० देखि २३ पटकसम्म अपानवायु छाड्दछ । यसमा हरेक पटक थोरै-थोरै मात्रामा ग्यास निस्किन्छ । तर हरेक ग्यासको गन्ध र मात्रा चाहिँ फरक-फरक हुन सक्छ । ग्यासको गन्ध तथा मात्रा हामीले खाएको खानेकुरा, आन्द्रामा रहेका ब्याक्टेरिया र शरीरको बनावटमा निर्भर रहने गर्दछ ।

वैज्ञानिकका अनुसार हाइड्रोजन सल्फाइड थोरै मात्रामा शरीरका लागि फाइदाजनक पनि हुन सक्छ । केही अध्ययनहरूका अनुसार यो ग्यासले रगतका नशाहरूलाई आराम दिन तथा शरीरमा इन्फ्लामेसन कम गर्न मद्दत गर्न सक्छ । तर, धेरै मात्रामा हुँदा यसले दुर्गन्ध पैदा गर्छ । वायुको लैंगिक भेद छुट्टाउने रोचक अध्ययन

अमेरिकाको मिनियापोलिस भेट्रान हस्पिटलका डाक्टर माइकल लेभीटले यस विषयमा अनुसन्धान गरेका थिए । उनलाई किङ अफ फाट्र्स अर्थात पादका राजा पनि भनिन्छ । उनलाई यसो भन्नुको खास कारण चाहिँ उनले पादका विषयमा धेरै अध्ययन गरेका छन् । उनको यस अध्ययनमा महिला र पुरुष गरी १६ जना स्वस्थ व्यक्ति हरूलाई सहभागी गराइएको थियो ।

त्यसक्रममा ती मानिसलाई पेटमा धेरै ग्यास बनाउने गेडागुडीका साथै पेटको चाल बढाएर धेरै ग्यास पैदा गर्ने ल्याक्सेटिभ औषधि खुवाइयो । त्यसपछि उनीहरूको मलद्वारमा रेक्टल ट्युब नामक एउटा विशेष प्रणाली जडान गरियो । जसले ग्यासलाई एउटा झोलामा संकलन गर्थ्यो । यसरी ती मानिसले छाडेको सम्पूर्ण अपानवायु संकलन गरियो ।

त्यसरी संकलन गरिएका ग्यासका नमूनामा हाइड्रोजन सल्फा-इडको मात्रा मापन गरियो । अनि दुईजना जाँचकर्तालाई हरेक ग्यास सुँघेर मूल्याङ्कन गर्न लगाइयो । जाँच-कर्ताले ती ग्यासका नमूनालाई त्यसको गन्धको आधारमा ० देखि ८ सम्मको स्केल दिए । जसबाट प्राप्त नतिजा आश्चर्यजनक थियो ।

वास्तवमा महिलाको ग्यासमा हाइड्रोजन सल्फाइडको मात्रा पुरुष-हरूको तुलनामा निकै बढी पाइयो । सुघेर जाँच गर्नेहरूले महिलाहरूको ग्यासलाई बढी दुर्गन्धयुक्त र तिखो गन्ध भएको बताए । यसको अर्थ महिलाहरूको ग्यास पुरुषको तुलनामा बढी दुर्गन्धित हुन्छ ।

***पुरुषहरूको ग्यांसमा के विशेषता हुन्छ ?***

अध्ययनमा अर्को महत्वपूर्ण कुरा पनि देखियो । त्यो के भने पुरुष-हरूले बढी मात्रामा ग्यास निकाल्छन् । प्रत्येक पटक ग्यांस निस्कँदा पुरुष-हरूको ग्यासको मात्रा महिलाहरूको भन्दा बढी थियो, झण्डै आधा कप जति ।

यसको अर्थ के हो भने महिलाहरूको ग्यासमा दुर्गन्ध पैदा गर्ने तत्वहरू बढी मात्रामा हुन्छन् । तर पुरुषहरूमा चाहिँ ग्यासको मात्रा नै बढी हुने भएकाले दुर्गन्ध कम महसुस भएको हुन्छ ।

**महिलाहरूमा हाइड्रोजन सल्फाइड किन बढी हुन्छ ?**

वैज्ञानिकहरूका अनुसार महिलाको वायुमा हाइड्रोजन सल्फाइडको मात्रा बढी हुनुमा आन्द्रामा रहेका ब्याक्टेरिया, हर्मोन र खानपानको बानी प्रमुख कारण हुन सक्दछ । महिलाहरूको शरीरमा हुने कतिपय ब्याक्टेरियाहरुले सल्फरयुक्त पदार्थहरूलाई बढी सजिलैसँग टुक्र्याउँन सक्छन् ।

साथै महिलाहरूले तरकारी वा प्रोटिनयुक्त खाना जस्ता केही खाद्य पदार्थहरू फरक तरिकाले पचाउने गरेको पनि कतिपय अध्ययनहरूमा देखिएको छ । तर, यस्तो अन्तर हरेक व्यक्तिमा फरक-फरक भने हुन सक्दछ । त्यसैले खानपानको प्रभाव नै सबैभन्दा ठूलो हुन्छ । अर्थात् ब्रोकाउली, गेडागुडी, अण्डा वा मासु बढी खाँदा वायुको गन्ध बढ्न सक्छ ।

***हवाई जहाजमा किन बढी पाद आउँछ ?***

यस विषयमा पनि रोचक खुलासा भएको छ । हवाई जहाज उचाइमा पुग्दा हावाको दबाब कम हुन्छ । यसले आन्द्रामा पहिल्यैबाट रहेको ग्यासलाई फैलाउँछ र बाहिर निकाल्छ । सोही कारणले हवाई उडानका बेला धेरै मानिस-हरूले बढी मात्रामा ग्यास भएको महसुस गर्छन् वा असहज अनुभव गर्दै पाद त्याग्ने गर्दछन् ।

*निजी विद्यालयको शुल्कबारे रोकिएन गुनासो*

# सहायता कक्षमा घन्टामै ५० फोन !

काठमाडौं/बढी शुल्क लिने विद्यालयबाट रकम फिर्ता गराउने नेपाल सरकारको निर्देशन उचित छ तर हामीले आग्रह गर्दा निजी विद्यालयले फिर्ता गर्न मानिरहेका छैनन् । केन्द्रबाट नै भनिदिनुपर्‍यो", शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मातहतको शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा स्थापित सहायता कक्षमा हरेक दिन होइन हरेक मिनेटमा यस्ता गुनासा आउने गर्छन् । मन्त्रालयले निजी लगानीका विद्यालयहरूले कानुनविपरीत उठाउँदै आएको भर्ना र अन्य शुल्क फिर्ता गराउन निर्देशन दिएपछि अभिभावकहरूले नियमितरूपमा गुनासो टिपाउन थालेका हुन् ।




भक्तपुर, सानोठिमीस्थित शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा खडा गरिएको सहायता कक्षका प्रमुख एवं केन्द्रका निर्देशक निमप्रकाश सिंह राठौरको मोबाइल नम्बर ९८५१२१४६३८ मा हरेक दिन होइन, हरेक मिटेनमा फोन आउँछ । केन्द्रका सूचना अधिकारी समेत रहेका निर्देशक राठौरले विद्यार्थी भर्ना शुल्कलगायत विविध विषयमा विभिन्न माध्यमबाट गुनासो नियमित आएको बताए ।

निर्देशक राठौरले भर्ना शुल्क भनेर नलिए पनि वार्षिक शुल्कका नाममा निजी लगानीका विद्यालयले बढी बढी शुल्क लिएको उजुरी आएको बताउँदै वर्षमा दुई महिना बराबरको रकम वार्षिक शुल्कका रूपमा लिन पाउने कानुनी व्यवस्था संशोधन गर्नुपर्नेलगायत सुझाव पनि आएको जानकारी दिए ।

"मासिक शुल्क पनि महँगो हुन्छ । त्यसमाथि दुई महिना बरा-बरको वार्षिक शुल्क लिने पाउने व्यवस्थाले हाम्रो ढाड सेकिने गरेको छ", अभिभावकको गुनासो सुनाउँदै निर्देशक राठौरले भने, "कानुन संशोधन गर्न पहल गरिदिनुपर्‍यो ।" गुनासोकर्ताहरूले स्थानीय तहले शुल्क मापदण्ड र मन्त्रालयको निर्देशन पालनामा ध्यान नदिएकादले केन्द्र सरकारले सिधै हेर्नुपर्ने माग पनि गरेका छन् । निर्देशक राठौरका अनुसार पछिल्लो समयमा सामुदा-यिक विद्यालयमा शुल्क लिइएको गुनासो आउने थालेको छ ।

मन्त्रालयले कानुनविपरीत लिइएको भर्ना शुल्क र संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका, २०७२ द्वारा निर्धारित बाहेक अन्य शुल्क फिर्ता गराउन कानुनी प्रक्रिया अघि बढाउन गत चैत २२ गते सम्बन्धित सबै स्थानीय तहहरूलाई अनुरोध गरेको थियो । आफूखुसी शुल्क लिएर फिर्ता नगर्ने विद्यालयलाई शिक्षा ऐन, २०२८ लगायतका अन्य कानुनी व्यवस्था बमोजिम कारबाही हुन सक्नेतर्फ मन्त्रालयले सचेत गराएको थियो ।

उनले शुल्क नतिरेको नाममा कक्षा १२ को परीक्षाका लागि एडमिट कार्ड रोकिएको र ललितपुरमा एक निजी विद्यालयले कपाल काटेर आउनु भन्ने शिक्षकको निर्देशन नमानेका कारण पनि परीक्षाको एडमिट कार्ड रोकिएकामा फोन गरेर भनेपछि समस्या समाधान भएको निर्देशक राठौरले बताए ।

उनका अनुसार हालसम्म घण्टाको ५० टेलिफोनबाट तीन हजारसम्मको उजुरी परेको, इमेल बाट सय, एसएमस ३०० र भाइबरमा बढी शुल्कको बिल आदि प्रमाण दिनेको संख्या ७० पुगेको छ । सहायता कक्षले आफ्नोमा आएका गुनासो /उजुरीलाई नीतिगत सम्बोधनका लागि केन्द्रका महानिर्देशकसमक्ष पेस गरिएको र तत्काल सम्बोधन गर्न सकिने विषयहरू आफूले समाधान गरेको राठौरको भनाइ छ । सरकारले नयाँ शैक्षिकसत्रको प्रारम्भ वैशाख १५ गतेदेखि सुरु गर्न निर्देशन दिएता पनि अधिकांश निजी विद्यालयले त्यसअगावै भर्ना गरेका छन् । सामुदायिक विद्यालयमा माध्यमिक तहसम्म नि:शुल्क शिक्षा हुने भनिए पनि आर्थिक सहयोग शुल्कका नाममा अभिभावकसँग रकम लिने गरिएको छ तर निजीको तुलनामा सरकारीको सहयोग रहक नगन्य रहेको छ ।

काठमाडौंको विश्व निकेतन माविका प्रधानाध्यापक हेरम्बराज कँडेलले सरकारको न्यून बजेटका कारण गुणस्तरीय शिक्षा दिन वर्षभरीका लागि कक्षा १ देखि ८ सम्म न्यूनतम् एक हजार ४०० देखि दुई हजार ९०० सम्म अभिभावकसँग आर्थिक सहयोग शुल्क लिने गरेको बताए । उनले करिब १०० विपन्न विद्यार्थी-लाई छात्रवृत्ति दिने गरिएको जनाए । निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याब्सन) महासचिव आरबी कटवालले निजी विद्यालय-हरूले आमरूपमा मापदण्डबमोजिम स्थानीय तहबाट स्वीकृत शुल्क मात्रै लिएको जिकिर गर्दै शैक्षिकसत्र लाग्नुअगावै भर्ना गरिएको शुल्क भने फिर्ता गर्न आपत्ति नहुने बताए ।

"हामीले सदस्य विद्यालयहरू-लाई सरकारको निर्देशन र विद्यमान कानुनको परिपालना गर्नु भन्दै आएका छौं । शैक्षिकसत्र सुरु नहुँदै विद्यार्थी भर्ना गर्ने कतिपय ठूला विद्यालयबाट अभिभावकले रकम फिर्ता लिन आउनुस् भनेर सूचना जाँदा पनि अभिभावक नआएको पाइयो", महासचिव कटवालको भनाइ छ, "त्यस्ता विद्यालयमा विद्यार्थीको चाप हुने भएकाले भर्ना गरिसकेपछि रकम फिर्ता लिँदा सिट गुम्ने चिन्ता अभिभावकमा पर्ने रहेछ, त्यसैले भर्ना भइसकेकाको हकमा रकम फिर्ताभन्दा अब तिर्नुपर्ने मासिक शुल्कमा मिलान गर्ने व्यवहारिक सल्लाह भएको पाइएको छ ।" महासचिव कटवालले कतिपय विद्यालयले विविध शीर्षकमा बढी रकम लिने गरेको पाइएका अध्ययन भइरहेको र त्यसमा सरकारी निकाय लाई आफूहरूले समन्वय र सहयोग गर्ने स्पष्ट पारे । शिक्षा नियमामवली, २०५९ (संशोधनसहित) को नियम १४६ मा विद्यालयले लिन पाउने शुल्क तथा धरौटीहरूको व्यवस्था गरिएको छ । उक्त दफामा विद्यालयले मासिक पढाइ शुल्क, कूल दुई महिनाको पढाइ शुल्क बराबरको रकममा नबढ्ने गरी खेलकुद, अति-रिक्त क्रियाकलाप, प्रयोगशाला, मर्मतसम्भार, पुस्तकालय र प्राथमिक उपचारबापतको वार्षिक शुल्क, विद्यालयमा पहिलोपटक भर्ना हुँदा एक पटकको लागि भर्ना हुने कक्षाको मासिक पढाइ शुल्कमा नबढ्ने गरी भर्ना शुल्क तोकिएको छ ।

यसैगरी विविधअन्तर्गत परीक्षा शुल्क, कम्प्युटर शुल्क, स्थानान्तरण प्रमाणपत्र शुल्क, विशेष प्रशिक्षण (जुडो, मार्शल आर्टस्, पौडी, गायन, नृत्य) शुल्क, आवास शुल्क, परि-वहन शुल्क, भोजन शुल्क लिन सकिने नियमावलीले व्यवस्था छ । नियमावलीको नियम १४७ मा विद्यालयले विद्यार्थीसँग लिने अधिकतम् शुल्क विद्यालयको वर्गीक-रणका आधारमा तोकी सम्बन्धित शिक्षा विकास तथा समन्वय एकाइले शैक्षिक सत्र सुरु हुनुभन्दा तीन महिनाअगावै सूचना प्रकाशन गर्नुपर्ने व्यवस्था रहेको छ । विद्यालयको व्यवस्थापन समितिले शिक्षक-अभिभावक संघको कार्यकारी समितिसँग परामर्श गरी तोकिएको अधिकतम् शुल्क सीमाभित्र रही शैक्षिकसत्र सुरु हुनु दुई महिना अघि समन्वय एकाइमा पेस गर्नुपर्ने भनिएको छ । एकाइले प्रस्तावको जाँचबुझ गरी शुल्कको दर तोकी सूचना प्रकाशन गर्नेछ । शुल्क व्यवस्थापन तथा अनुगमनका लागि केन्द्रका महानिर्देशकको संयोजकत्वमा केन्द्रीय समिति गठनको व्यवस्था गरिएको छ ।

# शैक्षिक सत्र धकेलिँदा आन्तरिक पर्यटक बढ्दो क्रममा

सुर्खेत/वैशाख महिना लागे-सँगै कर्णालीका पर्यटकीय स्थलहरूमा पर्यटकको चाप बढेको छ । अरूबेला सुनसानजस्तै देखिने कर्णालीका पर्यटकीय स्थलमा यतिबेला भिड लाग्ने गरेको छ । यो सिजनमा अधिकांशको रोजाइमा रारा तालसम्म पुग्न र कर्णालीको शीतलतामा आनन्द लिन पर्यटकहरू कर्णाली आउने गरेका छन् ।

कर्णालीका अधिकांश पर्यटकीय स्थलहरु पहाडी र हिमाली जिल्लामा भएकाले तराईमा गर्मी बढेसँगै गर्मी छल्न पनि कर्णालीमा आएको पर्यटकहरू बताउँछन् । कर्णालीको राजधानी वीरेन्द्रनगर बजार क्षेत्रमै बुलबुले ताल, काँक्रेविहार, देउती बज्यै र सहिद पार्कजस्ता पर्यटकीय स्थलले पर्यटक आकर्षित गरिरहेका छन् । वीरेन्द्रनगरमै घण्टाघरको आँगनमा पनि आन्तरिक पर्यटकको भिड लाग्ने गरेको छ । बुलबुले पार्कमा बोटिङ गर्ने, फोटो खिचाउनेको उत्तिकै भिड देखिन्छ । विद्यालयहरूमा भर्ना अभियान चलिर हेको र पठनपाठन सुरु भइनसके-काले पनि आन्तरिक पर्यटक कर्णालीमा ओइरिएका हुन् ।

चाडपर्वहरूमा मात्र चहल पहल देखिने सुर्खेतका काँक्रेविहार, बुलबुले र सहिद पार्कमा आजभोलि दिनहुँ मानिसको घुँइचो लाग्ने गरेको छ । यसले पर्यटकीय स्थलको आन्तरिक आम्दानीसमेत बढाएको छ । दैनिक २ हजारदेखि २ हजार ५ सय रुपैयाँको टिकट बिक्री हुने बुलबुले तालमा वैशाख लागेपछि दैनिक ५ हजारभन्दा बढीको टिकट



बिक्री भइरहेको छ । बुलबुले प्रवेशका लागि प्रतिव्यक्ति २० रुपैयाँ टिकट शुल्क तोकिएको छ । त्यस्तै प्रतिव्यक्ति २० रुपैयाँको टिकट लाग्ने कर्णाली प्रादेशिक सहिद पार्क र काँक्रेविहार मा पनि उत्तिकै भिडभाड छ । ९ महिनामा १४ हजार पर्यटक रारा पुगेको बताईएको छ ।

चालु आवको ९ महिनामा झन्डै १४ हजार पर्यटक रारा ताल पुगेका छन् । चैत मसान्तसम्म रारा पुग्ने पर्यटकको संख्या १३ हजार ८८३ छ । यीमध्ये अधिकांश आन्तरिक पर्यटक छन् । सार्क राष्ट्रका पर्यटक ६९ र अन्य देशका पर्यटक १३३ जनाबाहेक अरू आन्तरिक पर्यटक रहेको रारा राष्ट्रिय निकुञ्ज कार्यालयले जनाएको छ । हाल दैनिक सरदर ३५ जना पर्यटक आइ–रहेको निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत विश्वबाबु श्रेष्ठले जानकारी दिए । पहिले अधिकांश पर्यटक जहाजमै ताल्चा विमानस्थलमा झरेर राराताल पुग्ने गर्थे । तर, अहिले जहाजको भाडा निकै महँगो भएकाले समूह मिलेर गाडी रिजर्भ गरेर घुम्न आउने गरेका छन् ।

**पुग्न सास्ती, पुगेपछि मस्ती !**

यतिबेला कर्णालीको पर्यटकीय गन्तव्य रारा ताल पुग्नेको संख्या पनि ह्वात्तै बढेको छ । सल्यानको कुपिण्डे दह, डोल्पाको शे-फोक्सुण्डो, रुकुम पश्चिमको स्यार्पुताललगायत स्थान पर्यटकको रोजाइमा पर्ने गरेका छन् । काठमाडौंकी इलिजा तुलाधर पहिलो पटक शे-फोक्सुण्डो घुम्न आइन् । उनलाई डोल्पाको प्राकृतिक सौन्दर्यले जति आनन्दित बनायो, उनलाई त्यहाँ पुग्दा पाएको दु:खले उति नै पिरोल्यो ।

काठमाडौंबाट नेपालगन्ज भएर हवाईजहाजमा डोल्पा जान लागेकी उनलाई टिकट पाउनै निकै सास्ती खेप्नुपर्‍यो । 'शेफोक्सुण्डो तालको प्राकृतिक सुन्दरता र यहाँको हावापानीले मन निकै आनन्दित बनायो,' उनले भनिन्, 'जिन्दगीमै पहिलो पटक वैशाखको महिना डोल्पा पुगेर हिउँमा रमाउन पाउनु मेरो जीवनकै अविस्मरणीय क्षण हो ।' जागिरको सिलसिलामा तराईका विभिन्न जिल्लामा बसेको बताउने उनले डोल्पाको प्राकृतिक सौन्दर्यले उत्साहित बनाएको बताइन् ।

'तर, तालको छेउमा पुगेपछि बाटोको सास्ती सबै भुलिनेरहेछ,' इलिजाले डोल्पा अनुभव सुनाइन् । प्राकृतिक सुन्दरताले भरिपूर्ण हिमाली क्षेत्रमा राज्यको लगानी नपुगेको उनको गुनासो छ । 'तालसम्म पुग्ने बाटो फराकिलो बनाउन सके, सहज रूपमा डोल्पाका लागि टिकट पाउने वातावरण भए धेरै पर्यटक शे-फोक्सुण्डो जाने अवस्था रहन्थ्यो होला,' उनले भनिन्, 'तालआसपास टेलिफोन र इन्टरनेटको पहुँच भए शे-फोक्सुण्डो तालको प्रचारप्रसारमा अझ टेवा पुग्ने थियो ।' इजिलाजस्तै कर्णालीका विभिन्न पर्यटकीय स्थल पुग्ने पर्यटकको भोगाइ यस्तै छ ।

इलामका विजय तामाङ पहिलो पटक मुगुस्थित रारा ताल पुग्दा अचम्मित भए । सुनेको रारा र देखेको राराबीच आकाश-पातालको भिन्नता पाएको बताए । इलामबाट गाडी रिजर्भ गरेर लामो यात्रापछि रारा पुगेका उनले बाटोको सबै थकान बिर्सिएको बताए । 'रारा एक पटक पुग्नैपर्ने ठाउँ रहेछ,' उनले भनिन, 'राराको सुन्दरता र ताल वरिपरिको हरियाली, चिसो हावाले प्रकृतिको काखमै पुगेको अनुभूति हुन्छ ।' उनले रारा जाने सडकको हालत देख्दा भने सरकारले ध्यान नदिएको अनुभूत भएको बताए । रारा पुग्ने बाटोको स्तरोन्नति गरी पर्यटक आकर्षित गर्ने कार्यक्रम सरकारले ल्याउनुपर्ने उनले सुझाए ।

'सडकको हालत खराब छ । यात्रुले बाटोमा बहुतै सास्ती भोग्दै रारा पुग्नुपर्छ,' उनले भने, 'यहाँको सडक, होटल, सञ्चार, सुरक्षा तथा पर्यटक सेवाका लागि सरकारले आवश्यक कार्यक्रम बनाउन जरुरी देखिन्छ ।

# तीन दशकपछि 'नो किसिङ पोलिसी' तोडेको बारे के भन्छिन् काजोल ?



मुम्बई/बलिउडकी सदाबहार अभिनेत्री काजोलले आफ्नो ३० वर्ष लामो फिल्मी करियरमा पहिलो पटक अनस्क्रिन 'किस' गर्दाको अनुभव सार्वजनिक गरेकी छन् । दिलवाले दुल्हनिया ले जाएंगे, कुछ कुछ होता है र कभी खुसी कभी गमजस्ता ब्लकबस्टर फिल्महरूमा अभिनय गर्दा सधैं 'नो किसिङ पोलिसी' पछ्याएकी काजोलले सन् २०२३ मा रिलिज भएको वेब सिरिज 'द ट्रायल: प्यार, कानुन, धोका' मार्फत् उक्त नियम तोडेकी थिइन् ।

लिली सिंहको पोडकाष्टमा कुरा गर्दै काजोलले यो आफ्नो लागि कुनै रहर नभई पात्रको माग भएको स्पष्ट पारेकी छन् । सिरिजमा आफ्ना को-स्टार जिस्सू सेन गुप्तासँगको किसिङ सिनका बारेमा उनले भनिन्, 'साँचो भन्नुपर्दा यो उक्त भूमिकाको आवश्यकता थियो । यो केवल एउटा किस मात्र थिएन, बरु त्यस पात्रको सोच, चाहना र उसको जीवनमा घटेका घटनाहरूको एउटा महत्वपूर्ण पाटो थियो । यदि उक्त दृष्य हटाएको भए पात्रको एउटा महत्वपूर्ण हिस्सा नै अधुरो हुने थियो ।' काजोलले सुटिङको समयमा आफू निकै मानसिक तनाव र असहजतामा रहेकोसमेत खुलासा गरिन् । सेटमा पुग्दासम्म पनि उनी यो सिन गर्न सकिन्छ वा सकिँदैन भन्नेमा दुविधामा थिइन् । उनले भनिन्, 'म निकै अनकम्फर्टेबल थिएँ । मलाई लाग्थ्यो कि म बीचमै 'कट भनेर यो हुँदैन भनिदिन्छु कि ! तर अन्तत: मैले यसलाई एउटा व्यावसायिक निर्णयका रूपमा लिएँ र सुटिङ पूरा गरेँ ।'

अमेरिकी शो 'द गुड वाइफ' को भारतीय संस्करण रहेको 'द ट्रायल' मा काजोलले नोयोनिका सेनगुप्ताको भूमिका निर्वाह गरेकी छन्, जो आफ्नो श्रीमानको स्क्याण्डलपछि पुन: कानुनी अभ्यासमा फर्किन्छिन् । अमेरिकी जियो हटस्टारमा उपलब्ध यो सिरिजमार्फत् अभिनेत्री काजोलले ओटीटीको दुनियाँमा डेब्युसमेत गरेकी थिइन् ।

*आईसीसी विश्वकप लिग-२ :*

# रोमाञ्चक खेलमा नेपालसँग यूएई ६ रनले पराजित




काठमाडौं/घरेलु मैदानमा जारी आईसीसी विश्वकप लिग-२ क्रिकेटमा नेपालले युएईलाई ६ रनले हराएको छ । त्रिवि क्रिकेट मैदानमा शुक्रबार टस जितेर ब्याटिङ गरेको नेपालले ५० ओभरमा ७ विकेटको क्षतिमा २८९ रन बनाएको थियो । वर्षाको कारण खेल प्रभावित भएपछि युएईले ३८ ओभरमा २५५ रनको लक्ष्य पाएको थियो ।

युएईले निर्धारित ओभरमा ८ विकेट गुमाएर २४८ रन मात्र बनायो । नेपालका लागि दिपेन्द्रसिंह ऐरीले ९४ बलमा सर्वाधिक १०० रन बनाए । विनोद भण्डारीले ५६, गुल्सन झाले ४४, कप्तान रोहित पौडेलले ३९, अर्जुन कुमालले ११ र आरिफ शेखले ११ रन बनाए । युएईका लागि अजय कुमार र जुनिद सिद्धिके २-२ विकेट लिए । हेडर अलि र खुजीमा तानभिरले समान १-१ विकेट लिए ।

युएईका लागि मोहमद सहददले ७२ बलमा ६५, खुजीमा तानभिरले २६ बलमा ४९, हर्पित सिंहले ४० बलमा ४१, आकाशदीप नाथले ३२ बलमा ३६, आर्यान्स शर्माले ३२ बलमा ३३, मोहमद जुहेबले १० बलमा १, मोहमद असिमले ४ बलमा १, अदिप उस्मानीले १३ बलमा १४ रन बनाए भने जुनिद सिद्धिके डक आउट भए ।

यस्तै सन्दीप लामिछानेले ३, सोमपाल कामीले २ र नन्दन यादवले २ विकेट लिए । यसअघि पहिलो खेलमा पनि नेपालले युएईलाई ३७ रनले हराएको थियो ।


दोस्रो खेलमा भने नेपाल ओमानसँग १०२ रनले पराजित भएको थियो । शुक्रबार भएको खेल नेपालको तेस्रो खेल हो । अब नेपालले सिरिजको आफ्नो अन्तिम तथा चौथो खेल मंगलबार ओमानसँग खेल्नेछ ।







आकर्षक जग्गा सस्तो मुल्यमा बिक्रीमा




आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईंको मुल्यमा पाउनु हुनेछ । स्थान: रातोमाटे भोर्ले ।
सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७

*रोल्पा दुर्घटना मृतक सबैको पहिचान खुल्यो*

# दुर्घटना छानबिनका लागि समिति गठन

सन्देश संवाददाता

दाङ/रोल्पामा बिहीबार जिप दुर्घटनामा परी मृत्यु भएका सबैको सनाखत भएको छ । जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवम् प्रहरी निरीक्षक सुनिल थापा नेपालीका अनुसार मृत्यु हुनेमा रुकुम पूर्व सिस्ने गाउँपालिका-५ टाकुराका ३२ वर्षीय गोर्ख बुढाथोकी, ५३ वर्षीया तिलकुमारी बुढाथोकी, २८ वर्षीय युवा बिसी, १० वर्षीय दिव्यन बिसी, २४ वर्षीया सृजना बुढाथोकी, १३ वर्षीय सुदीप बुढाथोकी र ४० वर्षीया ओमकुमारी बुढाथोकी रहेका छन् ।

त्यसैगरी दाङको घोराही उपमहानगर-१६ रतनपुर बस्ने ५४ वर्षीया द्रौपति जिसी, ३२ वर्षीया तिला जिसी, सात वर्षीय जेनिस जिसी, १२ वर्षीया जेनिसा जिसी, सात वर्षीय संयोग जिसी, २५ वर्षीया एलिना जिसी, उमेर नखुलेका लमजुङका यमबहादुर जिसी र घोराही-१३ बस्ने धनमाया बिष्ट रहेका छन् ।

त्यस्तै, दाङ शान्तिनगर गाउँपालिका स्थायी घर भई हाल रुकुम सिस्ने–५ बस्ने जिप चालक ४२ वर्षीय बेदबहादुर विक, सिस्ने–५ की ६० वर्षीया मीना कामी र ६० वर्षीया लक्ष्मी शाह, रुकुम पूर्वकै भूमे गाउँपालिका–५ का टेकप्रसाद बस्नेत र सिस्ने ५ कै २७ वर्षीया रुक्मिणा बस्नेत रहेका छन् । दुर्घटनास्थल अत्यन्तै अप्ठेरो



भौगोलिक क्षेत्रमा रहेकाले उद्धार तथा शव निकाल्न केही ढिलाइ भएको प्रहरीले जनाएको छ ।

रुकुम पूर्वबाट रोल्पाको थबाङ गाउँपालिकाको जलजलातर्फ जाँदै गरेको लु१ज ४१६७ नम्बरको जिप बिहीबार दिउँसो ३ बजे रोल्पाको थबाङ गाउँपालिका-१ सल्याप भन्ने ठाउँमा भिरबाट ८०० मिटर तल खसेर दुर्घटना भएको थियो । जिपमा चालकसहित २१ जना सवार रहेका थिए । तीमध्ये २० जनाको घटनास्थलमा नै मृत्यु भएको थियो ।

मृतक सबैको शवपरीक्षणका लागि थबाङस्थित आधारभूत अस्पतालमा ल्याइएको छ । छतमा बसेका रुकुम पूर्व सिस्ने गाउं-पालिका-५ टाकुराका ३२ वर्षीय समीर कामी मात्रै जीवित रहेका छन् । उनले जिप दुर्घटना हुन लाग्दा छतबाट हामफालेर रूखको जरामा समातिँदै ज्यान जोगाएका हुन् । उनको थबाङ आधारभूत अस्पतालमा समान्य उपचारपछि थप उपचारका लागि बिहीवारराति पूर्वी रुकुम अस्पतालमा लगिएकोमा अहिले उनलाई अस्पतालले घर पठाएको छ ।

उनको बायाँ खुट्टा, निधार र आँखामा चोट लागेको अस्पतालले जनाएको छ । दुर्गम भेग, निरन्तर वर्षा र कमजोर सञ्चार सञ्जाल, कच्ची सड्कलगायत कारण उद्धार कार्यमा कठिनाइ भएको रोल्पा प्रहरीले बताइएको छ । घटना भएको खबरलगत्तै नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, जनप्रतिनिधि र स्थानीयवासीको बिहीबार उद्धारमा जुटेका हुन् । उनीहरूले अबेरराति सम्म उद्धार कार्यमा लागे पनि बिहीबार उद्धार कार्य नसकिएपछि शुक्रबार बिहानैदेखि सुरक्षाकर्मी र स्थानीयवासीको सहभागितामा उद्धार कार्य सम्पन्न गरिएको हो ।

मृतकको शव सडकसम्म ल्याउन निकै कठिनाइ भएको सुरक्षा अधिकारीले जनाएका छन् । प्रहरीको प्रारम्भिक अनुसन्धान अनुसार कच्ची तथा चिप्लो सडक, लगातारको वर्षा र क्षमताभन्दा बढी यात्रु बोकेका कारण जीप अनियन्त्रित भई दुर्घटना भएको अनुमान गरिएको छ । मृतक सबै वैशाख पूर्णिमाको अवसरमा शुक्रबार जलजलामा लाग्ने बराह पूजामा सहभागी हुन जान लागका तीर्थयात्री हुन् ।

**दुर्घटना छानबिनका लागि समिति गठनः**

रोल्पाको थवाङ गाउँपालिका-१ सल्यापस्थित कच्ची सडकखण्डमा बिहीबार दिउँसो भएको जिप दुर्घटनाको छानबिन गर्न गृह मन्त्रालयले उच्चस्तरीय छानविन समिति गठन गरेको छ । मन्त्रालयको शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाका अनुसार सचिवस्तरीय निर्णयबाट लुम्बिनी प्रदेश प्रहरी कार्यालय तुलसीपुरका प्रहरी उपरीक्षक यादव ढकालको संयोजकत्वमा चार सदस्यीय छानबिन समिति गठन गरिएको हो ।

समितिलाई घटनाको सत्य तथ्य अध्ययन गरी तीन दिनभित्र प्रतिवेदन बुझाउन निर्देशन दिइएको छ । समितिमा जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक, सशस्त्र प्रहरी बल रोल्पाका सशस्त्र प्रहरी नायब उपरीक्षक तथा जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत सदस्य सचिव रहेका छन् ।

गृह मन्त्रालयले दुर्घटनाको कारण, सम्भावित लापरबाही वा कमजोरी पहिचान गर्न तथा भविष्यमा यस्ता दुर्घटना न्यूनीकरणका उपाय सुझाउन स्पष्ट कार्यादेश दिएको छ । छानविन समितिले आफ्नो कार्य थालिसकेको समितिले जाकारी दिएको छ ।

# टेलिकमको सर्भर ह्याक गर्ने कर्मचारी नै जोडिए ई-बिडिङ ह्याकमा

सन्देश संवाददाता

काठमाडौं/प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले पक्राउ गरेर मुद्दा चलाएका सरकारी कर्मचारी नै अहिलेको ई-बिडिङ ह्याक प्रकरणमा जोडिएको जनाएको छ । अनलाइन बोलपत्र प्रणालीमा अनाधिकृत पहुँच (ह्याक गरी) पुर्‍याई ठेक्काका विवरण हेरफेर गर्ने काममा पाँच वर्षअघि नै पक्राउ परेका कर्मचारी जोडिएका हुन् । पाँच वर्षअघि सीआईबीले नेपाल टेलिकमको सर्भर ह्याक गरेको आरोपमा धनकुटा पाखिबास नगर पालिका-५ घर भएका २८ वर्षीय दिवाकर देउजालाई पक्राउ गरेको थियो । त्यतिबेला नेपाल टेलिकमको मोबाइल एपको सर्भर सिस्टम ह्याक गरी प्याकेज प्रयोग तथा बिक्री गरेर टेलिकमको राजस्व तथा व्यावसायिक छविमा गम्भीर क्षति पुर्‍याएको भन्दै देउजालाई सीआईबीले पक्राउ गरेको थियो ।

यस विषयमा टेलिकमले अनुसन्धान गरिपाउँ भन्दै सीआईबी लाई पत्राचार गरेपछि देउजा पक्राउ गरेका थिए । धनकुटाबाट पक्राउ परेका उनको साथबाट २ थान ल्यापटप र २ थान मोबाइलसमेत बरामद भएको थियो । उनले अनट्रेस-एवल इन्टरनेट प्रविधि प्रयोग गरी अनाधिकृतरूपमा नेपाल टेलिकमको सर्भर प्रणालीमा पटक-पटक पहुँच



बनाएको देखिएको थियो । त्यतिबेला देउजा शहरी विकास तथा भवन कार्यालय, धनकुटामा कम्प्युटर अपरेटरको पदमा कार्यरत थिए । उनीमाथि सीआईबीले विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गतको कसुरमा मुद्दा चलाएको थियो । १४ साउन २०७७ मा काठमाडौं जिल्ला अदालतका तत्कालीन न्यायाधीश कमलप्रसाद पोखरेलको आदेशपछि उनी ५० हजार धरौटीमा रिहा भएका थिए । अहिले उनै देउजा फेरि अनलाइन बोलपत्र प्रणालीमा पहुँच पर्‍याई ठेक्काका विवरण हेरफेरमा जोडिएपछि उनी पुन: पक्राउ परेका छन् ।

३३ वर्षका देउजालाई भोटहिटीबाट पक्राउ गरिएको सीआईबीले बताएको छ । सीआईबीले उनलाई २८ फागुनमा पक्राउ गरेका हो । सुरुमा देउजालाई पक्राउ गरेर अनुसन्धान गरेको प्रहरीले अलिहेसम्म यो प्रकरणमा १३ जनालाई पक्राउ गरेको छ । सार्वजनिक खरिद अनुगमन कार्यालयको ई-गमर्भेन्ट प्रोक्युरमेन्ट प्रणालीमा अनाधिकृत पहुँच पुर्‍याई विभिन्न ठेक्काको विवरण हेरफेर हुने गरेको भन्दै प्रहरीको केन्द्रीय साइबर ब्युरो भोटाहिटीमा उजुरी परेको थियो ठेक्काहरूको आर्थिक प्रस्ताव खोल्नु अगावै डकुमेन्ट परिवर्तन हुने गरेको बताइएको थियो । प्रारम्भिक अनुसन्धानका क्रममा यो ठूलो संगठित अपराध रहेको खुलेपछि यसको अनुसन्धान साइबर ब्युरोभन्दा माथिल्लो निकाय सीआईबीले सुरु गरेको थियो । अहिलेसम्म सीआईबीले १० निर्माण व्यवसायीसँगै १३ जनालाई पक्राउ गरिसकेको छ ।

बझाङको दुर्गाथली गाउँ-पालिका-३ घर भएका २५ वर्षीय भरत धामीलाई भक्तपुरको सूर्यविनायक नगरपालिका-३ बाट ११ चैतमा, तनहुँको बन्दीपुर गाउँपालिका-१ का ३९ वर्षीय सञ्जय भट्टलाई गुल्मीबाट ११ चैतमा, काठमाडौंका ३५ वर्षीय भाष्करराज अर्याललाई काठमाडौं बोहराटारबाट १७ चैतमा, हेटौंडाका ४० वर्षीय सागर कटुवाललाई १७ चैतमा कमलादी काठमाडौंबाट र सुनसरीको दुहवी नगरपालिका-५ का ६२ वर्षीय जीवनकुमार दासलाई सोही ठाउँबाट २३ चैतमा सीआईबीले पक्राउ गरी सार्वजनिक गरेको थियो ।

यसैगरी ११ वैशाखमा पूर्वमन्त्री तथा राप्रपाका वरिष्ठ नेता एवम् उपाध्यक्ष विक्रम पाण्डे पक्राउ परेका थिए । उनी कालिका कन्स्ट्रक्सन प्रालिका सञ्चालक हुन् । भिषण कन्स्ट्रक्सन प्रालिका सञ्चालक टंककुमार श्रेष्ठ पनि सामाखुसीबाट ११ वैशाखमा पक्राउ परेका थिए । १२ वैशाखमा पेप्सीकोलाबाट इन्कोन प्रालिका सेयर धनी तथा लेखापाल ३० वर्षीय स्वदेश पोखरेल पक्राउ परे । यसको भोलिपल्ट १३ वैशाखमा कल्पवृक्ष बिल्डर्स प्रालिका सञ्चालक ४१ वर्षीय प्रकाश ढुंगाना पक्राउ परे । पछिल्लो पटक सीआईबीले आशिष निर्माण सेवाका सञ्चालक ७० वर्षीय ऋषिकेश गौलीलाई पक्राउ गरेको छ ।

कर्मचारी देउजाले बोलपत्रको अन्तिम समय सकिएपछि अनाधिकृतरूपमा पहुँच पुर्‍याएर सबैको विवरण हेर्ने र आफ्नो बोलपत्र प्रस्ताव स्वीकृत गर्न संशोधन गरी सबैभन्दा कम मूल्य राख्ने र टेण्डर हात पार्ने गरेको अनुसन्धानबाट देखिएको एक अधिकारीले बताए । यसका लागि ठेकेदार कम्पनीहरूसँग सम्पर्क गर्ने र बार्गेनिङ गरेर रकममा कुरा मिलेपछि अनलाइन बोलपत्रमा पहुँच पुर्‍याएर विवरण संशोधन गर्दै ठेक्का हत्याउने गरेको सीआईबीको भनाइ छ ।

कर्मचारी देउजाले यसका लागि अन्य ह्याकरको समेत सहयोग लिएको अनुसन्धानका क्रममा पत्ता लागेको बताइएको छ । टेण्डरमा यसैगरी पहुँच पुर्‍याउँदै विवरण संशोधन गर्दै ठेक्का हात पार्ने गरेको देखिएकोले सीआईबीले अनुसन्धान अघि बढाएको बताएको छ ।

*सरकारी कार्यालयका शौचालय सरसफाई कार्यविधि :*

# बिहान ९ बजेभित्र सफाइ गरिसक्नुपर्ने




सन्देश संवाददाता

काठमाडौँ/सरकारले सरकारी कार्यालयका शौचालयहरूलाई व्यवस्थित, स्वच्छ र सेवाग्राहीमैत्री बनाउन 'सरकारी कार्यालयका शौचालय सरसफाई कार्यविधि, २०८३' जारी गरेको छ । खानेपानी मन्त्रालयले जारी गरेको यस कार्यविधिले सरकारी कार्यालयका शौचालयको सरसफाई, मर्मत सम्भार र सञ्चालनका लागि स्पष्ट मापदण्ड र समय तालिका निर्धारण गरिएको छ ।

कार्यविधिअनुसार, अब सरकारी कार्यालयका शौचालयहरू कार्यालय समय अवधिभर अनिवार्यरूपमा प्रयोगका लागि खुला राख्नु पर्नेछ । सरसफाईको जिम्मा पाएका कर्मचारीले दैनिक दुई पटक अनिवार्य रूपमा पूर्ण सरसफाई गरिसक्नुपर्ने व्यवस्था गरिएको छ । बिहान कार्यालय समय सुरु हुनुअघि अर्थात् ९:०० बजेभित्र र दिउँसो: १:०० देखि २:०० बजेभित्र सफाइ गर्नुपर्ने समय उल्लेख गरिएको छ ।

शौचालय प्रयोगमा रहेको बखत पनि भुइँ, कमोड, प्यान, युरिनल, धारा र ऐना सफा राख्नुपर्ने र फोहोर देखिएमा तत्काल सफा गरि हाल्नुपर्ने कार्यविधिमा उल्लेख छ । स्वच्छताका मापदण्ड र सामग्रीको व्यवस्था सरसफाई गर्दा उपयुक्त सामग्रीको प्रयोग गरी कीटाणुनाशक रसायन र वास्नादार सामग्री छर्कनु पर्ने कार्यविधिमा उल्लेख छ । यस्ता सामग्री प्रयोग गर्दा कर्मचारी र प्रयोगकर्ताको स्वास्थ्यमा प्रतिकूल असर नपर्ने गरी मात्रा मिलाउनु पर्नेछ । शौचालयमा हात धुने साबुन, पानी, ट्वाइलेट पेपर, स्यानिटरी प्याड र डस्टबिनको उपलब्धतालाई अनिवार्य गरिएको छ ।

शौचालयको अवस्थालाई चुस्त राख्नका लागि मन्त्रालयले कडा अनुगमन प्रणाली तय गरेको छ । कुनै पनि उपकरण वा संरचना बिग्रिएको जानकारी प्राप्त भएको २४ घण्टाभित्र मर्मत गरिसक्नु पर्नेछ । नियमित सरसफाईका अतिरिक्त महिनामा कम्तीमा एक पटक अनिवार्यरूपमा 'डीप क्लिनिङ' गर्नुपर्ने व्यवस्था छ ।

आधिकारिक निरीक्षक वा तोकिएको समूहले हप्ताको कम्तीमा एक पटक अनुगमन गरी 'राम्रो' (जी), 'सन्तोषजनक' (एस) वा 'सन्तोष जनक नभएको' (एन) भनी वर्गीकरण गरी प्रतिवेदन बुझाउनु पर्नेछ । कार्यविधिले महिला, पुरुष र अपाङ्गता भएका व्यक्तिहरूका लागि छुट्टाछुट्टै र पहुँचयोग्य शौचालयको व्यवस्था हुनुपर्ने कुरालाई पनि उच्च प्राथमिकता दिएको छ ।

साथै, शौचालयमा पर्याप्त उज्यालो (न्यूनतम २०० लक्स) र सुरक्षाका लागि ढोकामा राम्रोसँग काम गर्ने चुकुल हुनुपर्ने मापदण्ड तोकिएको छ । प्रयोगकर्ताको सन्तुष्टि र गुनासो सम्बोधनका लागि 'फिड ब्याक मोडुल' को समेत व्यवस्था गरिने कार्यविधिमा उल्लेख गरिएको छ । यो कार्यविधि लागू भएसँगै कार्यालयका शौचालयहरूमा देखिने दुर्गन्ध र अव्यवस्था हट्ने छ ।

## भन्सारमा १०० रुपैयाँको सीमा हटाउन काँग्रेसले सुरु गर्‍यो दबाब अभियान




वीरगञ्ज । सीमावर्ती नाकामा लागू गरिएको १०० रुपैयाँ बराबरको सामान मात्रै ल्याउन पाउने कडाइ प्रति नेपाली कांग्रेसले संगठितरूपमा आवाज उठाउन थालेको छ ।

वर्षौंदेखि निष्क्रिय रहेको भन्सार प्रावधान अचानक कडाइका साथ कार्यान्वयन हुँदा सीमावर्ती जनजीवन, साना व्यापार र दैनिक उपभोगमा गम्भीर असर परेको भन्दै कांग्रेसले त्यस विरुद्ध दबाब अभियान सुरु गरेको हो । शुक्रवार देखि सुरु हुने पार्टीको "ग्रिन टेबल" नामक संवाद कार्यक्रमको पहिलो विषय नै सिमानामा लगाइएको कर सम्बन्धि व्यवस्थालाई बनाइएको छ । कार्यक्रममा सीमा तथा अन्तर्देशीय व्यापार विज्ञ राजन शर्मा र सीमा क्षेत्रबाट प्रतिनिधिसभामा निर्वाचित सांसद रेखाकुमारी यादव वक्ताका रूपमा सहभागी हुनेछन् ।

कार्यक्रममा सहजकर्ताको भूमिका पनि मधेसमा सक्रिय काँग्रेसका युवा तथा बौद्धिक नेता कन्चन झाले निर्वाह गर्ने भएका छन् ।

काँग्रेस सभापति गगनकुमार थापाले पनि १०० रुपैयाँको सीमा हटाएर व्यवहारिक नयाँ विकल्प खोज्न सबैलाई आग्रह गरेका छन् । उनका अनुसार अहिलेको व्यवस्थाले सीमावर्ती नागरिकलाई अनावश्यक सास्ती दिएको छ र जनजीवनमा प्रत्यक्ष असर पारेको छ । कांग्रेसले सीमामा बसोबास गर्ने नागरिकको अनुभव, पीडा र सरोकारलाई उत्तरदायी तथा तथ्य धारित भएर नीति निर्माण तहसम्म पुर्‍याउने गरी यस विषयलाई उठान गर्न थालेको छ ।

सीमावर्ती जिल्लाका नागरिक परम्परादेखि छिमेकी बजारमा दैनिक उपभोग्य सामग्री, औषधि, लत्ता कपडा र साना सामान किनमेल गर्दै आएका छन् । तर, १०० रुपैयाँको सीमा कडाइका साथ लागू गरिएपछि सामान्य घर खर्चका वस्तु ल्याउन समेत कठिनाइ भएको गुनासो अत्यधिक बढेको छ ।

स्थानीय बासिन्दाले यो व्यवस्था व्यवहारिक नभएको बताइरहेका छन् । अहिलेको मूल्यवृद्धिको समयमा १०० रुपैयाँले सामान्य खाद्यवस्तु समेत नआउने अवस्था रहेको उनीहरूको भनाइ छ । कांग्रेसले जनजीविकामा प्रत्यक्ष नकारात्मक असर परेको यस विषयलाई उठान गर्न सडक आन्दोलनभन्दा संवाद, तथ्य संकलन र नीतिगत दबाबको बाटो रोजेको छ । "ग्रिन टेबल" मार्फत् सीमावर्ती क्षेत्रका व्यवसायी, उपभोक्ता, नागरिक समाज र विज्ञहरूलाई एकै ठाउँमा ल्याएर कांग्रेसले सरकारमाथि दबाब सिर्जना गर्न लागेको हो ।

पार्टी स्रोतका अनुसार यो अभियान केवल विरोधका लागि विरोध नभई व्यवहारिक विकल्पसहितको बहसमा केन्द्रित हुनेछ । सीमा नीतिलाई समयसापेक्ष बनाउने, स्थानीय जीवन शैली बुझ्ने र राजस्व तथा जनजीवनबिच सन्तुलन खोज्ने विषय उठाइनेछ । सरकारले राजस्व चुहावट रोक्न र अवैध आयात नियन्त्रण गर्न कडाइ गरेको दाबी गरे पनि त्यसको असर सर्वसाधारणमाथि परेको भन्दै आलोचना बढेको छ ।

## सरकारी लेटरहेड र हस्ताक्षर किर्ते गरी छोकडा आयात गर्न खोज्ने व्यवसायी पक्राउ



वीरगञ्ज/नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले सरकारी विभागको नक्कली लेटर हेड, छाप र पूर्व महानिर्देशकको हस्ताक्षर किर्ते गरी प्रतिबन्धित छोकडा आयात गर्न खोज्ने एक व्यवसायीलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा काठमाडौँको कालिकास्थानस्थित सिमभिन इन्टरनेसनल इम्पेक्सका सञ्चालक ५५ वर्षीय नवीनकुमार अग्रवाल रहेका छन् । उनलाई बिहीबार वीरगञ्ज महानगरपालिका-११ आदर्शनगरबाट पक्राउ गरिएको सीआईबीले जनाएको छ । प्रहरीका अनुसार, नेपाल सरकारले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ बमोजिम वि.सं.२०७६ चैत २४ गते नेपाल राजपत्रमा सूचना प्रकाशित गरी छोकडा (खजुर) को आयातमा पूर्ण प्रतिबन्ध लगाएको थियो । उक्त प्रतिबन्ध अहिलेसम्म कायम छ ।

तर व्यवसायी अग्रवालले उक्त प्रतिबन्धलाई छल्ने उद्देश्यले वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, बबरमहल काठमाडौँको नक्कली लेटरहेड, छाप र विभागका पूर्व महानिर्देशकको नाम तथा हस्ताक्षर प्रयोग गरी १०० टन छोकडा आयात गर्न अनुमति दिने किर्ते पत्र तयार पारेका थिए । सो किर्ते अनुमति पत्र वीरगञ्ज भन्सार कार्यालयमा पेस गरेर सामान भित्र्याउन खोजेको प्रहरीको अनुसन्धानबाट खुलेको छ । भन्सार कार्यालयमा सामान आइपुगेपछि अधिकारीहरूलाई उक्त अनुमति पत्रमा शंका लागेको थियो । भन्सारले वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा पत्रको यथार्थता बुझ्दा उक्त पत्र पूर्णरूपमा किर्ते भएको पुष्टि भएको थियो । त्यसपछि भन्सारले १०० टन छोकडा जफत गरी थप अनुसन्धानका लागि सीआईबीलाई जानकारी गराएको थियो ।

सीआईबीका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक शिवकुमार श्रेष्ठले दिएको जानकारी अनुसार, अग्रवाल माथि मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद २५ अन्तर्गत लिखतसम्बन्धि कसुरमा अनुसन्धान भइरहेको छ । काठमाडौँ जिल्ला अदालतबाट पक्राउ अनुमति लिई उनलाई नियन्त्रणमा लिइएको हो । अग्रवाल काठमाडौँ महानगरपालिका-६ मा बसोबास गर्दै आएका थिए भने हाल केही समययता वीरगञ्ज-६, रेशमकोठीमा बस्दै आएको प्रहरीले जनाएको छ । प्रहरीले घटनामा अन्य व्यक्तिहरूको पनि संलग्नता रहेको हुन सक्ने आशंका व्यक्त गरेको छ र त्यसतर्फ पनि अनुसन्धान जारी रहेको जनाएको छ । अग्रवाललाई काठमाडौँ लगेर थप कानुनी कारबाही अगाडि बढाइने सीआईबीले बताएको छ ।

सरकारी प्रतिबन्धको बाबजुद किर्ते कागजात तयार पारेर प्रतिबन्धित वस्तु आयात गर्न खोज्ने कार्य गम्भीर प्रकृतिको अपराध भएको भन्दै प्रहरीले यस प्रकारका गतिविधिले राष्ट्रिय अर्थतन्त्र र कानुनी व्यवस्थालाई चुनौती दिने भएकोले आरोपीलाई हदैसम्मको कारवाही हुने बताएको छ ।

# सिमरा सेजको ४ सय ९० बिघा जमिन अतिक्रमित



सन्देश संवाददाता

वीरगञ्ज/सिमरास्थित विशेष आर्थिक क्षेत्र (सेज) प्राधिकरण मातहत रहेको ४९० बिघा जमिन अतिक्रमण भएको छ । सेजको सो जग्गामा अहिले करिब छ सयभन्दा धेरैले घरटहरा निर्माण गरेर अस्थायी रूपमा बसोबास गरिरहेका छन् ।

विशेष आर्थिक क्षेत्र प्राधिकरणको मातहत ८३३ बिघा जग्गा भए पनि अहिले ३४३ बिगाहा क्षेत्रफलअन्तर्गत विभिन्न ब्लकमा उद्योग तथा कलकारखना सञ्चालन एवम् केही उद्योग निर्माणाधीन अवस्थामा रहेका छन् । तर, बाँकी रहेको अन्य जग्गामा अतिक्रमण गरेर खेतीपाती तथा घरटहरा निर्माण गरेर बसिरहेका छन् ।

सिमरास्थित विशेष आर्थिक क्षेत्र प्राधिकरणका साइट इन्चार्ज तथा इन्जिनियर पप्पु गिरीले ४९० विघा क्षेत्रफलमा किसानले खेतीपाती गरेर अतिक्रमण गर्दै आइरहेकाले अब हटाउने प्रक्रिया अघि बढाइएको जानकारी दिए । प्राधिकरणले गत वैशाख ९ गते पत्र लेखेर जितपुर सिमरा उपमहानगरपालिका, जिल्ला प्रशासन कार्यालय बारा र जिल्ला प्रहरी कार्यालय बारालाई पत्र लेखेर जग्गा अतिक्रमण हटाउनका लागि आवश्यक समन्वय र सहजीकरण गर्नका लागि अनुरोध गरिएको छ ।

"विशेष आर्थिक क्षेत्रको जग्गा अतिक्रमण गरी बनेका घरटहरा हटाउन, लगाइसकेका बालीनाली उठाउन तथा नयाँ बालीनाली नलगाउन स्थानीयलाई जानकारी गराएर अतिक्रमित जग्गा खाली गराउनका लागि अनुरोध भइसकेको छ," सेजका साइट इन्चार्ज गिरीले भने, "सरकारी निकायसँग आवश्यक समन्वय गर्ने काम भइरहेको छ ।"

विशेष आर्थिक क्षेत्र प्राधिकरण सिमराका सबइन्जिनियर अजयकुमार चौधरीले वीरगञ्ज चिनी कारखाना बन्द भएपछि सो कारखानामा काम गर्ने ९३ जना कामदारलाई अस्थायी रूपमा बसोबास गर्न र खनजोत गर्नका लागि प्रतिपरिवार छ कट्ठाका दरले जग्गा उपलब्ध गराईएको जानकारी दिए ।

"हामीले अतिक्रमणमा परेको जग्गा फिर्ता ल्याउनका लागि आवश्यक प्रक्रिया अघि बढाइसकेका छौँ," उनले भने, "जितपुर सिमरा उपमहानगरपालिका र स्थानीय प्रशासनबाट सहयोग गर्ने प्रतिबद्धता पनि पाइसकेका छौँ ।" प्राधिकरणका अनुसार अहिले यहाँ अस्थायीरूपमा घरटहरा बनाएर करिब छ सयभन्दा धेरै बसोबास गर्दै आइरहेको जनाएको छ । प्राधिकरणअन्तर्गत पाँच वटा ब्लक रहेका छन् ।

बाराका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रले सिमरास्थित विशेष आर्थिक क्षेत्र प्राधिकरणको अतिक्रमित जग्गा र घरटहरा हटाउनका लागि आवश्यक शान्ति सुरक्षा दिनका लागि तयार रहेको बताए । "प्राधिकरण र गृहमन्त्रालय दुवै निकायबाट अतिक्रमित जग्गा हटाउन आवश्यक समन्वय र सहजीकरण गर्न अनुरोध आएको छ," उनले भने, "प्राधिकरणले मिति तोकेर हटाउन भनेपछि हामीले आवश्यक शान्ति सुरक्षा उपलब्ध गराएर सहजीकरण गर्न तत्पर रहेका छौँ ।"

'ए' ब्लकमा ३४३ बिघा जग्गा रहेको छ । जहाँ अहिले आधा दर्जनभन्दा धेरै उद्योग चालु अवस्थामा रहेका छन् भने एक दर्जन उद्योग निर्माणाधीन अवस्थामा रहेका छन् । त्यस्तै, 'बी' ब्लकमा १२८ बिघा क्षेत्रफल रहेको छ । जहाँ ७० प्रतिशतभन्दा धेरै जग्गा प्राधिकरण मातहत नै छ । त्यस्तै 'सी' ब्लकमा भने ४९.५ बिघा जग्गा रहेको छ ।

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडाको पुरानो लोकप्रिय **ब्लु हेवन टेलर्स** सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको **शाक्य प्लाजा** मा सरेको जानकारी गराउंदछौं ।
सदाझैं यहांहरुको माया र सद्भाव पाईरहने आशासमेत गरेका छौं ।




**चालु फेन्सी पसल बिक्रीमा**

हेटौंडा-४ स्कूलरोडमा रहेको अति चालु अवस्थाको जेन्स फेन्सी पसल विशेष कारणले बिक्री गर्न लागेकोले ईच्छुक खरिदकर्ताले सिधैं सम्पर्क राख्नुहोला ।
**सम्पर्क** :
९८४५०३१७८६, ९८२११४००२२

**आकर्षक घडेरी बिक्रीमा**

हेटौंडा-२, जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट करिव २०० मिटर पुर्वतर्फ वनस्खण्डी टोलमा रहेको १३ धुरको २ टुक्रा घडेरी बिक्रीमा छ । ईच्छुक खरिद कर्ता महानुभावले सम्पर्क गर्नु होला । आधा नगद र आधा हेटौंडा नजिकको जग्गासंग साट्नसमेत सकिनेछ ।
**सम्पर्क नम्बर** : ९८४५१२३३६६

प्रकाशकः केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रितः सन्देश छापाखाना ।। कार्यालयः हेटौंडा-२ मानस चोक ।। फोनः ०५७-५२२२३७, ५२४२३६, ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादकः माधव न्यौपाने